**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ०१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 15 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८३

# विश्व रक्तदाता दिवसमा सम्मान, उत्प्रेरणा र रक्तदान

प्रस, वीरगंज, ३२ जेठ/

विश्व रक्तदाता दिवसको अवसरमा वीरगंजमा रक्तदाता सम्मान कार्यक्रम, उत्प्रेरणा र रक्तदान कार्यक्रम गरी मनाइएको छ ।

प्रत्येक वर्ष जून १४ तारिख जेठ ३२ गते विश्व रक्तदाता दिवस मनाउने गरिन्छ । दिवसको अवसरमा आज रक्तदाता समूह (ब्लड डोनर्स एसोसिएशन) पर्साले सम्मान कार्यक्रम आयोजना गरेको छ । होटल मकालुमा आयोजित सम्मान कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति वीरेन्द्रराज कँडेलले नेपालको सन्दर्भमा २०२३ सालमा नेपाल रेडक्रस सोसाइटी गठन भएको, २०३४ सालमा रक्तसञ्चार केन्द्र स्थापना भएको र २०४८ सालदेखि नेपाल सरकारले रेडक्रसलाई रक्तसञ्चार केन्द्र सञ्चालनको अनुमति दिएको बताए ।

उनले पर्सा जिल्लामा रक्तसञ्चार केन्द्रबाट पर्सा, बारा, रौतहट, सर्लाही, मकवानपुरसम्मका बिरामीलाई रगत प्रदान गर्नुको साथै ती स्थानहरूमा रक्तदाताहरूले रक्तदान कार्यक्रम गर्दै आएको बताए । उनले १८ वर्ष उमेर समूहदेखि रक्तदान गर्न अभिप्रेरित हुन सुझाव दिए ।

रगत नपाउनेहरूको लागि रक्तसञ्चार केन्द्रमा आएपछि सहज रगत उपलब्ध हुने वातावरण बनाउन आफू नेतृत्वको टीमले हरसम्भव प्रयास गरिरहेको उनले बताए । अहिलेसम्म रगतको अभाव हुन नदिन विभिन्न सङ्घसंस्था, व्यक्तिहरूले सक्रिय भूमिका निर्वाह गरेको र त्यस्ता व्यक्तिलाई ब्लड डोनर्स एसोसिएशनले वार्षिकरूपमा सम्मानित गर्दै आएको बताए ।

उनले रगतको अभाव हुन नदिन चिकित्सकहरूले कम्पोमेन्ट (रगत वर्गीकरण गर्ने) कार्यलाई व्यवहारमा लागू गरेको खण्डमा अझ सहज हुने बताए । कम्पोमेन्ट मेशिन रक्तसञ्चार केन्द्र वीरगंजमा रहेको तर विभिन्न कारणले चिकित्सकहरूले वर्गीकृत रगतको सिफारिश नगर्दा अहिलेसम्म सम्पूर्ण रगत प्रयोग भइरहेकोले पनि अभाव देखिने गरेको बताए । उनले कम्पोमेन्टबाट चार



तस्वीरः प्रतीक

थरीको रगत वर्गीकरण गर्ने र आवश्यकता अनुसार रगत बिरामीहरूलाई दिन सकेको खण्डमा एउटै रगतबाट चारजना लाभान्वित हुने बताए ।

बहुदरमाई नगरपालिकाकी उपप्रमुख सुषमा कुशवाहाले ग्रामीण क्षेत्रका मानिसलाई पनि रक्तदानप्रति अभिप्रेरित गर्न सुझाइन् । उनले गाउँमा उत्प्रेरणा कार्यक्रम गर्ने र ग्रामीण क्षेत्रका मानिसमा पनि रक्तदान गर्न जागरुकता ल्याएको खण्डमा रगतको अभाव नहुने बताइन् ।

कार्यक्रममा २०८० वैशाखदेखि २०८१ वैशाखसम्म ५० पिन्टभन्दा बढी रक्तदान गर्ने ८१ जना, आकस्मिक रक्तदान गर्ने ५४ जना र गरीब, दीनदुःखीहरूलाई निश्शुल्क रगत उपलब्ध गराउन रक्तसञ्चार केन्द्रलाई आर्थिक सहयोग गर्ने पालिका, व्यक्ति गरी १७ जनासमेत गरी १९२ जनालाई सम्मान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि कँडेल, ब्लोदान पर्साका अध्यक्ष शत्रुघ्न नेपाल, बहुदरमाई नपाकी उपप्रमुख कुशवाहा, परसौनी गापा बाराका अध्यक्ष विनोद जयसवाल, जीतपुरसिमरा उपमहानगरपालिकाका वडाध्यक्ष चयन गुरुङ, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, नारायणी अस्पतालका निमित्त मेसु खालिद हसनले सम्मान गरेका थिए ।

एसोसिएशनका अध्यक्ष नेपालको अध्यक्षतामा भएको कार्यक्रममा रोशनी श्रेष्ठले स्वागत र सचिव अरविन्द सिंहले सहजीकरण गरेका थिए ।



यसैगरी, विश्व रक्तदाता दिवसको अवसरमा शुक्रवार वीरगंजको दुई स्थान र बाराको एक स्थान गरी तीन स्थानमा आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

भारतीय महावाणिज्य दूतावास, रेडियो वीरगंज र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा रेडियो वीरगंज परिसरमा आयोजित रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा महावाणिज्यदूत देवी सहाय मीणा, रेडियो वीरगंजका अध्यक्ष ध्रुव साह, ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका जयप्रकाश खेतान, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेललगायतको सहभागिता थियो ।

यसैगरी, वीरगंजको घण्टाघरमा वर्ल्ड लिङ्क कम्युनिकेशनले दिवसको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा १२ जनाले रक्तदान गरेका थिए भने सौरभ फूड प्रोडक्ट जीतपुरले आयोजना गरेको कार्यक्रममा १५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक मनीष साहले बताए ।

यसैगरी विश्व रक्तदाता दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी, पर्साको आयोजनामा पटेर्वासुगौली गापा–५ निचुटामा उत्प्रेरणा कार्यक्रम सम्पन्न भएको छ ।

नेरेसो निचुटा उपशाखाका सभापति रामदेवप्रसाद थारूको अध्यक्षता र गापा अध्यक्ष दिनेश चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न उत्प्रेरणा कार्यक्रममा रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले रक्तदानबारे उत्प्रेरणा दिएका थिए । उनले १८ वर्ष पुगेका र ६० वर्ष मुनिका स्वस्थ मानिसले रक्तदान गर्न सक्ने बताए । प्रत्येक तीन महीनामा सामान्य खानपिन गर्ने मानिसले पनि रक्तदान गर्न सकिने बताए ।

ग्रामीण क्षेत्रका मानिसमा चेतना अभाव र विभिन्न गलत हल्लाको कारण रक्तदान गर्ने प्रवृत्ति कम भएको भन्दै

(बाँकी अन्तिम पातामा)

# धोबिनी गापामा झडप

## १० दिनभित्र खर्च विवरण दिने- अध्यक्ष

प्रस, वीरगंज, ३२ जेठ/

धोबिनी गाउँपालिका कार्यालय शुक्रवार दिनभरि तनावग्रस्त रह्यो ।


तस्वीरः प्रतीक

स्थानीय युवा तथा बुद्धिजीवीहरूले गत आव र चालू आवमा विकास निर्माणमा अनियमितता भएको भन्दै अध्यक्ष मदन चौहानसँग भेटन खोज्दा विवाद भएको थियो । विवादको क्रममा अध्यक्ष चौहानलाई स्थानीयले दुर्व्यवहारसमेत गरेका थिए ।

स्थानीय र अध्यक्षबीच छलफल भइरहेको बेला चौहानका सर्मथकहरूले स्थानीयसँग निहुँ खोजेपछि दुवै समूहबीच हात हालाहाल भएको थियो । त्यसपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी परिस्थिति सामान्य बनाइएको थियो ।

स्थानीय ललनप्रसाद कुर्मीका अनुसार जनप्रतिनिधिहरूले गापाको बजेट आफ्नो घरको रकम सम्झेर जथाभावी बाँडफाँड गरेको तथा कार्यकर्ताहरूलाई रिझाउने काम गरेको आरोप लगाए ।

शिक्षकहरूको अभावमा पठनपाठन अवरोध भएको, शिक्षकहरूले समयमा तलब नपाएको, औषधि खरीदमा अनियमिता भएको उनले आरोप लगाएका थिए ।

जनताले कर तिरेको पैसाबाट कर्मचारीहरू मौज गरिरहेको कुर्मीले बताए । गापामा रहेको दुईवटा चार पाङ्ग्रे सवारीबाहेक ५३ वटा मोटरसाइकल कर्मचारीहरूले चलाउने, र सेवा सेवा सुविधा लिने काम तत्काल रोक्नुपर्ने कुर्मीको भनाइ थियो । स्थानीय अजय पटेलका अनुसार चालू आवमा सञ्चालित योजनाहरूमा गुणस्तरहीन काम भइरहेको आरोप लगाए ।

स्थानीयले दिएको सुझावपत्रमा गापामा रहेको १७ वटा विद्यालयमा शिक्षक आपूर्ति गर्नुपर्ने, आव २०८०/८१ को खर्च विवरण, सञ्चालित योजनाहरूको पारदर्शिता, इन्धन खाजा खर्चको विवरण, गाडी मरम्मतमा लागेको खर्च, विपद् व्यवस्थापन शीर्षकमा खर्चिएको रकमको विवरणसमेत माग गरिएको थियो ।

पूर्वगाविस अध्यक्ष अम्बिकाराउत कुर्मीले अध्यक्ष चौहानसँग भएको छलफलमा १० दिनभित्र समस्याको समाधानसहित, खर्च विवरण सार्वजनिक गर्ने सहमति भएको बताए ।

# वीरगंज महानगरले ४५ करोड राजस्व उठायो

## गत वर्षको तुलना पाँच करोड बढी तर लक्ष्य भेटाउने सम्भावना कम

प्रस, वीरगंज, ३२ जेठ/

वीरगंज महानगरपालिकाले आव २०८०–८१ को ११ महीनामा ४४ करोड ८० लाख ३३ हजार ८६१ राजस्व सङ्कलन गरेको राजस्व महाशाखा प्रमुख मनोज कर्णले बताएका छन् ।

उनले सम्पत्ति करबाट १५ करोड १६ लाख ३६ हजार ४३५, भूमि/मालपोत करबाट ८३ लाख ९२ हजार ५२४, घरबहाल करबाट पाँच करोड ७२ लाख १६ हजार ६८४, बहाल बिटौरी करबाट २१ लाख ८१ हजार, सवारीसाधन कर (साना सवारी) २३ लाख २१ हजार ५९०, पूर्वाधार सेवा उपयोगमा लाग्ने करबाट दुई करोड ८ लाख २८ हजार, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन करबाट ३९ लाख ३४ हजार ५२५, अन्य मनोरञ्जन करबाट ५ लाख ८६ हजार ३३१ राजस्व सङ्कलन भएको बताए ।

यसैगरी, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट दुई करोड २३ लाख ३२ हजार ९३०, अखेटोपहारमा लाग्ने करबाट एक करोड ९४ लाख ६० हजार, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय तीन करोड ३१ लाख ५४ हजार ५३४, अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टीबाट ८२ लाख ८० हजार, निजी धाराबापत शुल्क एक लाख ३७ हजार १८०, अन्य सेवा शुल्कबाट दुई करोड ५६ लाख ५१ हजार ७८७, न्यायिक दस्तुर २७ हजार ६३०, परीक्षा शुल्क २१ हजार ९००, अन्य प्रशासनिक शुल्कबाट ३२ लाख ३६ हजार ८६४, नक्शापास दस्तुर तीन करोड २२ लाख १७ हजार १५८, सिफारिस दस्तुर दुई करोड ३२ लाख २४ हजार ६१४, व्यक्तिगत घटना दस्तुर ३१ लाख ४० हजार ८००, नाता प्रमाणित दस्तुर २० लाख ९४ हजार ६४०, अन्य दस्तुर ५ लाख ७२ हजार ५००, प्रशासनिक दण्ड जरिवान ार जफतबाट ६० लाख एक हजार ६९६, धरौटी जफत एक करोड ६२ लाख २३ हजार २६५, बेरूजुबाट ५१ लाख ५४ हजार ७५४ गरी चालू आवको ११ महीनामा ४४ करोड ८० लाख ३३ हजार ८६१ राजस्व सङ्कलन भएको बताए ।

उनले गत वर्ष ४० करोड १० लाख ३३ हजार ८४४ रुपियाँ राजस्व सङ्कलन भएको थियो । गत वर्षको तुलना यो वर्ष चार करोड ७० करोड बढी राजस्व सङ्कलन भएको महाशाखा प्रमुख कर्णले बताए ।

उनले आर्थिक वर्ष २०८०–८१ को लागि ७० करोड राजस्व सङ्कलनको लक्ष्य रहेको र गत २०८० पुसमा सम्पन्न नगरसभाले लक्ष्य वृद्धि गर्दै ९० करोड राजस्व सङ्कलनको अनुमान गरेको बताए । उनले चालू आवमा करीब ६५ करोड राजस्व सङ्कलन हुने अनुमान रहेको बताए ।

# पर्साको ग्रामीण भेगमा चैते धानबाली भित्र्याइँदै

ओमप्रकाश चौधरी, सेढवा ३२ जेठ/

पर्साको ग्रामीण भेगका किसानहरूले चैते धानबाली भित्र्याउन शुरू गरेका


तस्वीरः प्रतीक

छन् । ठोरी गाउँपालिका -५ र ४ अन्तर्गत ठूलो बाघमोर्चा, बाघमोर्चा आठघरे, गडुवालाइन, क्षत्रीलाइनलगायत गाउँका किसानहरू चैते धानबाली अन्तर्गत हर्दिनाथ–१ धान भित्र्याउन शुरू गरेका हुन् ।

चैतको पहिलो साता रोपाइँ गरेको यो धानबाली अहिले किसानहरू कटानी गर्न व्यस्त रहेका ठोरी गापा–५ ठूलो बाघमोर्चाका किसान वीरबहादुर लोप्चनले बताए । अहिले धान काट्न हार्भेस्टर मेशीन नआएका र असार महीना शुरू हुन लाग्दा किसानहरू कटानी गर्न हतारिएका किसान लोप्चनले बताए । धान काट्न ढिला भए असारमा पानी पर्न थालेपछि बाली भित्र्याउन कठिन हुने हुँदा किसानहरूले ज्यामी लगाएर भएपनि धान कटानी गरिरहेको किसान लोप्चनले बताए ।

ज्यामी लगाएर बिहान धान काट्ने र दिउँसो बोझा बनाएर जम्मा गरी थ्रेसरले दाइँ गरी बेलुका धान घरमा ल्याउने किसानहरूले जनाएका छन् । यस कार्यका लागि एक कठ्ठा जग्गाको बालीका लागि एकजना ज्यामी चाहिने किसानले बताए ।

यता ठोरी गापा–५ शिवचोकका किसान कल्याण बस्नेतले दुईवटा हार्भेस्टर मेशीन धान कटानीका लागि आएको बताए । मेशीनका कारण कम समय र कम खर्चको लगानीमा धान भित्र्याइरहेको बताए । यसपालि पनि चैते धानको उत्पादन बढेको उनले बताए । अहिले यो बाली साढे दुई क्विन्टलदेखि तीन क्वीन्टल प्रतिकठ्ठा उत्पादन भएको किसान बस्नेतले बताए ।

**हार्दिक श्रद्धाञ्जलि**


स्व. शङ्करप्रसाद केशरियावाला

प्रतीक दैनिकका भारत, रक्सौल संवाददाता पप्पु (राजेश) केशरीवालका पूजनीय पिता **शङ्करप्रसाद केशरियावाला**को स्वर्गारोहण भएकोमा १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**प्रतीक दैनिक परिवार**

## विचारसार र सूक्तिहरू

**यदि मित्रसँग कुनै मतभेद छ भने, विकल्प ... कहिले पनि बैरी हुनुहुँदैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# विश्व रक्तदाता दिवस

**विश्व रक्तदाता दिवस जून १४ (जेठ ३२ गते) हिजो मनाइएको छ । प्रत्येक अङ्ग्रेजी वर्ष जून १४ का दिन र विक्रम संवत्मा भने कुनै वर्ष जेठ ३१ र कुनै वर्ष ३२ गते यो दिवस पर्छ र विश्वव्यापीरूपमा दिवस मनाइने गरिन्छ । नेपालमा पनि यो दिवस विगत २३ वर्षदेखि मनाइँदै आएको छ । मानिसको शरीरमा दौड्ने रगत मानिसबाट नै आपूर्ति हुन्छ । अन्य कुनै जीवजन्तु, पशुपक्षीको रगत मानिसमा चढ्दैन र मानिसको लागि मानिसकै रगत आवश्यक पर्ने हुनाले रक्तदानलाई महादान भनिएको हो । एकजना स्वस्थ मानिसमा छ लिटर अर्थात दश पिन्ट रगत हुन्छ । १८ वर्ष पुगेका र ६० वर्षमुनि उमेर समूहका सबै स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छन् । रक्तदान गरेर शरीरमा रगत घट्ने होइन । रक्तदान गर्ने व्यक्तिको रगत तीन महीनामा सामान्य खानपीनबाट पुनः सञ्चय हुने गर्छ । एकपटकमा एकजना मानिसले ४७० एमएल रगत दान गर्न सक्छ र यो रगत दान गरेपछि ९० दिनमा शरीरले पुनः दान गर्न सक्ने क्षमता प्राप्त गर्छ । रक्तदान नगर्ने व्यक्तिको पनि ४७० एमएल रगत ९० दिनपछि खराब हुन्छ । यसरी शरीरमा खराब हुने यो मात्राको रगत दान गर्दा स्वास्थ्यका लागि पनि राम्रो हुने र अरूको ज्यान बचाउन प्रयोग भएर दानी कहलिने भएकोले नै रक्तदान गर्नका लागि उत्प्रेरित गरिएको हो ।**

**रगतको जात, लिङ्ग, वर्ण, धर्म हुँदैन र सबै मानिसलाई रगत चाहिन्छ अनि आवश्यक परेकालाई दान गर्न सकिन्छ । रगतबाट मानिसको धर्म, जात र लिङ्ग छुट्टिँदैन । विभिन्न कारणले रगतको आवश्यकता हुने व्यक्तिलाई सबै धर्म, सम्प्रदाय एवं लिङ्गका मानिसले रक्तदान गरेर सहयोग गर्न सक्छन् । त्यसैले रक्तदानलाई मानवीय धर्म भनिएको हो । महिलाहरूले रजस्वला भएको नौ दिनपछि रक्तदान गर्न सक्छन् । तर सुत्केरी, बालबालिकालाई दूध खुवाउँदै गरेको र एन्टिबायोटिक औषधि प्रयोग गरिएको अवस्थाका महिलाले रक्तदान गर्न सक्दैनन् । पुरुषहरूमा दीर्घरोग लागेका, एन्टिबायोटिक औषधि सेवन गरेका, शरीरमा रगतको कमी देखिएका, वजनको हिसाबले ४५ किलोमुनि रहेकाबाहेक १८ वर्ष पुगेका र ६० वर्षमुनिका सबै स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छन् । पछिल्लो समय रक्तदान गर्ने मानिसहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ भने रगतको खपत पनि बढ्दो छ ।**

**रक्तदाता समूह, नेपाल रेडक्रस सोसाइटी र सामाजिक सङ्घसंस्थाहरूको निरन्तर प्रयासबाट अहिले वार्षिक साढे १४ हजार पिन्टसम्म पर्सा, बारा, रौतहट र सर्लाहीबाट रगत सङ्कलन भइरहेको छ । चालू आवको तथ्याङ्क अनुसार रक्तसञ्चार केन्द्रबाट सङ्कलित कुल रगतभन्दा करीब १८ सय बढी रगत वितरण भएको छ । अस्पतालको सङ्ख्यामा वृद्धिसँगै रगतको माग पनि बढेको हो । रगत परीक्षणमा लाग्ने शुल्क मात्र लिंदा पनि अहिले प्रतिपिन्ट रगतको लागि रु एक हजार ५० तिनुपर्छ । पर्सा, बारा र रौतहट जिल्लाका कतिपय पालिकाहरूले सोबापतको रकम व्यवस्था गरिदिएकाले उक्त पालिकाका मानिसहरूलाई निश्शुल्क रगत प्राप्त भइरहेको छ । यस प्रकारको व्यवस्था अन्य जिल्लाका पालिकाहरूले पनि गरिदिने हो भने गरीब, विपन्नहरूलाई आवश्यकता परेको बखत सहज, सरल तरीकाबाट रगत उपलब्ध हुन्थ्यो र बिरामीका अभिभावकहरूलाई रगतका लागि तनावको** [redacted]

# भौतिकवादी समाजको आवश्यकता किन ?

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com



**आजको समयमा चलिरहेको राजनीतिले आदर्शवादी धाराको मलजल गरिरहेको स्पष्टै छ । तसर्थ रुढिवाद र अन्धताजस्ता विषयमा राज्यको लगानी बन्द गराउन सङ्घर्ष गर्नुपर्दछ । विज्ञानको विकास र प्रवर्द्धनमा राज्यको लगानी बढाउन दबाब दिनुपर्दछ ।**


आजको ठोस विज्ञानका विविध धारा भौतिकशास्त्र, रसायनशास्त्र, जीवशास्त्र, खगोलशास्त्रलगायत विकासको मुख्य आधार भने प्राचीन समयदेखि नै जगत्, ब्रह्माण्ड, प्रकृतिको बोधगम्यता स्विकार्दै पदार्थको प्रधानतामा विविध कालखण्डमा सङ्गठित अध्ययन प्रणाली विकास गरेको भौतिकवादी दर्शनशास्त्र हो । जसले मानवीय जिज्ञासा र प्रश्नहरूलाई निषेध गर्दैन र जगत्का हरेक वस्तुको अस्तित्वलाई स्वीकार गर्दछ र बोधगम्य मान्दछ। यही दार्शनिक प्रणाली र आधुनिक विज्ञान नै भौतिकवादी समाज निर्माणको मुख्य वैचारिक आधार हो।

**भौतिकवाद के हो ?**

भौतिक अर्थात् लौकिक र प्रत्येक्ष अनुभव गर्न सकिने वा कुनै पनि ठोस सबूत तथा गणितीयरूपमा सिद्ध गर्न सकिने कुरामा मात्र विश्वास गर्नु भौतिकवाद हो। भौतिकवादी सिद्धान्तले पदार्थ, प्रकृतिजस्ता भौतिक तत्त्वको प्रधान सत्ता स्विकार्दै प्रत्येक कुरा परिवर्तनशील रहेको स्विकार्दै जीवन र जगत्सम्बन्धी अध्ययन र विचार निर्माण (ज्ञान निर्माण) गर्ने दार्शनिक सिद्धान्त नै भौतिकवाद हो । भौतिकवादको ठीकविपरीत ध्रुवमा आदर्शवाद रहेको हुन्छ । आदर्शवादले आत्मा, परमात्मा, विचार, परम विचार, चेतनाजस्ता तत्त्वलाई मूल सत्ता मान्दछ र ईश्वर वा कुनै अलौकिक शक्तिको अस्तित्व स्वीकार गर्दछ। अर्थात् भौतिक तत्त्वलाई मूल सत्ता स्विकार्ने दार्शनिकी भौतिकवाद हो भने विचार तत्त्व अर्थात् आदर्शलाई मूल सत्ता स्विकार्ने दार्शनिकी आदर्शवाद हो । दर्शनशास्त्र अनुरूप सत्ताको विपरीत स्वरूप स्विकार्ने भौतिकवादी र आदर्शवादी दर्शनबीच निरन्तर सङ्घर्ष चल्दै आएको छ।

**ज्ञानको सीमितताबाट नै रहस्यको उद्घाटन हुन्छ ।**

भौतिकवादीहरू भने रहस्यहरूलाई वैज्ञानिक पद्धतिबाट उजागर गर्दछन् अथवा सो विषयमा वैज्ञानिक पद्धतिको विकास हुन बाँकी रहेको निक्र्योल निकाल्दछन् भने अध्यात्मवादीहरू हरेक रहस्यको पछाडि ईश्वर अथवा अलौकिक शक्तिको सत्ता स्थापित गर्दछन् ।

आध्यात्मिक पद्धतिलाई सामाजिक प्रक्रियामा लागू गर्दा विज्ञानले स्थापित गरिसकेका मूल्य मान्यतासमेत ज्ञानको सीमिततामा रहस्यमय मान्दै अनेकन उत्पीडन र शोषणका व्यवहार हाम्रा वरिपरि अभ्यास भइरहेका छन् । परम्परागत वैज्ञानिक उपचार पद्धतिको विकास हुँदै आधुनिक उपचार पद्धतिसम्म मानव सभ्यता आइपुग्दा पनि झारफुक, धामी–झाँक्री सामाजिक आयतनमैं अभ्यासमा छन् । रजस्वला प्रजननका निम्ति महिलामा हुने अनिवार्य प्राकृतिक प्रक्रिया हो भन्ने वैज्ञानिक ज्ञान स्थापित हुँदा पनि शुद्धताको कसी र ईश्वर, पितृ, कुल रिसाउने डरमा महीनावारीका नाममा बार्ने प्रचलन शहरकै घरघरमा व्याप्त छ । जातको आधारमा मान्छे मान्छेबीच छुवाछूत, पानी बाराबारको स्थितिदेखि अन्तर्जातीय प्रेमका कारण दलितहरू मारिएका छन् । रूढिवाद, अन्धविश्वासले ग्रस्त चेतनाले अझै पनि महिलाहरूलाई बोक्सी करार गरेकै छ भने छोरा नजन्मिनुको दोष पनि महिलामाथि थोपरेकै छ । यस्ता थुप्रै सामाजिक अपराधलाई पाप–धर्म, स्वर्ग–नर्क तथा शुद्धताको कसीमा आदर्शवादी धाराले अझै पनि सामाजिक आयतनमैं संरक्षण र अभ्यास गरिरहेको छ।

साथै आम श्रमजीवी, मजदूर, किसान, महिलाहरूको तप्कालाई कर्मफलवाद, भाग्यवादबाट प्रशिक्षित गर्दै शासक वर्गको अन्यायविरुद्ध आफ्ना हक अधिकार स्थापित गर्ने सङ्गठित विद्रोह गर्नबाट वञ्चित गर्दछ। तमाम रुढिवाद, अन्धविश्वास र धर्मको आडमा ज्ञानको सीमितताबाट संरक्षित यस्ता थुप्रै आपराधिक अभ्यासविरुद्ध सङ्घर्षका निम्ति पनि विज्ञानसम्मत भौतिकवादी दर्शन आवश्यक छ।

**भौतिकवादी समाज किन ?**

भौतिकवादी दर्शन अनुरूप जीवन व्यवहार चलाउनेहरूको समाज नै भौतिकवादी समाज हो। कुनै पनि समाज तीनवटा अङ्गले बनेको हुन्छ । अर्थतन्त्र, राजनीति र संस्कृति ।

दर्शनशास्त्र विकासक्रमको इतिहास हेर्ने हो भने आदर्शवादी दर्शन र भौतिकवादी दर्शन परस्पर विरोधी धारामा विकास भएको पाइन्छ। पूर्वमा चार्वाक दर्शन, प्रकृति प्रधानवादी सांख्यमत र परमाणुवाद भौतिकवादी दर्शन हुन् भने प्राचीन युनानमा क्रमशः पानी, आगो र परमाणुलाई प्रधान मान्ने थेल्स, हेरेक्टाइस र डेमोक्राइट्स स्वतःस्फूर्त भौतिकवादी दार्शनिक हुन् ।

पूँजीवादको विकाससँगै पश्चिम युरोपेली देशहरू बेलायत, फ्रान्स, जर्मनीलगायत देशमा यान्त्रिक भौतिकवादको विकास भयो। बेलायतका फ्रान्सिस बेकन, फ्रान्सका लामेत्री यान्त्रिक भौतिकवादी दार्शनिक हुन् । यान्त्रिक भौतिकवादीहरू पदार्थको प्रधानतासँगै जगत्को विकास र सञ्चालनमा ईश्वरीय शक्तिले गति पैदा गर्ने मत राख्दथे । जर्मन दार्शनिक फायरबायखले यान्त्रिक भौतिकवादलाई उत्कर्षमा पुऱ्याउने काम गरे । सोही अवधिमा यान्त्रिक भौतिकवादकाविरुद्ध अङ्ग्रेज दार्शनिक बर्कले र जर्मन दार्शनिक हेगेलले आदर्शवादी दर्शनको सङ्गठित प्रणाली विकास गरे । यसै प्रकियामा मार्क्स र एंगेल्सले यान्त्रिक भौतिकवाद र आदर्शवादविरुद्ध सङ्घर्ष चलाउँदै द्वन्द्वात्मक भौतिकवादको प्रादुर्भाव गरे।

भौतिकवादी दर्शनको उत्कर्षमा रहेको द्वन्द्वात्मक भौतिकवादी दर्शनको आलोकमा राजनीतिक क्रान्तिद्वारा विश्वभर समाजवादी सत्ता स्थापित भए । आज विश्वभर ईश्वरको अस्तित्व अस्वीकार गर्ने नास्तिकहरूको सङ्ख्या १५.६ प्रतिशत रहेको छ। आदर्शवादीधाराभित्र अनेकन धार्मिक पन्थ, सम्प्रदाय अनुसारका समाज विश्वभरिका सबै सभ्यतामा बन्दै आएका छन् । यस्ता समाजहरूको जग, ख़ास प्रकारको चलायमान आर्थिक ढाँचा, राजनीतिको विशेष योजना अनि संस्कृतिको खास वैचारिकी एवं सङ्गठनभित्र विकसित हुँदै आएको छ । यद्यपि भौतिकवादीहरूको आफ्नो अर्थतन्त्र, राजनीति र संस्कृति भएको समाज छैन ।

आधुनिक विज्ञानको विकाससँगै वैज्ञानिक अनुसन्धानले प्रकृतिका रहस्यहरूको बोधगम्यतामा गुणात्मक फडको मारेको छ । विविध वैज्ञानिक पद्धतिको विकास भौतिकवादीहरूका निम्ति चाँदीको घेरा साबित भएको छ। आधुनिक उपकरणहरूको विकासले प्रकृतिको वैज्ञानिक अध्ययनले तीव्रता पाएको छ। मानव दृष्टिको क्षमता भनेको मध्यम वस्तुहरूको अवलोकन र अनुभूति गर्ने क्षमता हो । ब्रह्माण्डका विशाल पिण्ड हुन् या परमाणुभित्र रहेका अति सूक्ष्म कण (Particle), आजसम्म विकास भइसकेका न्युटोनियन यान्त्रिक विज्ञानदेखि क्वान्टम सिद्धान्तले पदार्थको भौतिकीको अध्ययन, अनुसन्धान र सिद्धान्तीकरण गरिरहेका छन्। निरन्तर सङ्घर्षबाट प्राचीनकालदेखि स्वतःस्फूर्त भौतिकवाद, यान्त्रिक भौतिकवाद हुँदै द्वन्द्वात्मक भौतिकवादको उत्कर्षसम्मको विकास र आधुनिक विज्ञानको विकासले पदार्थको प्रधानता पुष्टि गर्दा पनि भौतिकवादीहरूको समाज भने किन बन्न सकेन ? तसर्थ, आजसम्मको भौतिक विज्ञानको विकास, भौतिकवादी विचार र व्यवहारको प्रचारात्मक वकालतले मात्र समाज बदलिन सम्भव छैन। राजनीति, अर्थतन्त्र र संस्कृति यी तीनै अङ्गमा भौतिकवादीहरूको ठोस पहल, हस्तक्षेप, संयोजन र योजनाबद्ध सङ्गठित क्रियाशीलताले मात्र भौतिकवादी समाज निर्माण सम्भव छ।

आजको नेपाली समाज संविधानतः धर्मनिरपेक्ष राज्य हो । तर, धर्मनिरपेक्षताको अर्थ बङ्ग्याएर सनातनी हिन्दू धर्मको रक्षा गर्दै धर्मनिरपेक्ष रहने व्याख्यामा आम जनतालाई झुक्याइएको छ। आर्थिक कोणबाट हेर्ने हो भने स्थानीय निकायदेखि प्रदेश र केन्द्र सरकारले समेत धार्मिक मठ, मन्दिरजस्ता भौतिक संरचना निर्माण गर्न लगानी बढाएको स्पष्टै छ। राजनीतिक कोणबाट हेर्ने हो भने संसदीय व्यवस्थाभित्र रहेका सबै दलहरू भोटको राजनीतिका निम्ति समाजमा व्याप्त धार्मिक अन्धता, रुढिवाद, पितृसत्ता, जात व्यवस्थाविरुद्ध कार्यक्रम बनाएर सङ्घर्षरत छैनन्। बरु धार्मिक आस्थाहरूलाई अतिवादी मलजल गर्दै दलगत प्रभुत्व कायम गर्ने दौडमा देखिन्छन्।

सांस्कृतिक कोणबाट हेर्ने हो भने आजको समाजको राजनीति र अर्थतन्त्र चलाउने मूल हिस्सा धार्मिक विचारधाराकै आधारमा सामाजिक तहमा सङ्गठित छ । व्यवहारतः पितृसत्ता, जात व्यवस्था, धार्मिक अन्धता समाजको आधुनिकीकरणसँगै रूपमा कम असरदार देखिए पनि सारमा नेपाली समाजको चिन्तन प्रणाली आदर्शवादी विचारधारामैं जकडिएको छ । यस कारण पनि भौतिकवादीहरूले भौतिकवादी समाज निर्माणको आवश्यकता बोध गर्दै वैज्ञानिक आधारमा चल्ने समाज निर्माण अत्यावश्यक भएको छ।

**भौतिकवादी समाज कसरी ?**

भौतिकवादी समाजको जग भौतिकवादी विचारधारामा सङ्गठित हुँदै भौतिकवादीहरूको साझा/साझेदारीमा अर्थतन्त्र, राजनीति र भौतिकवादी संस्कृतिको निर्माण र विकास गर्नु हो। मानव सभ्यताको विकास संस्कृतिविना सम्भव हुँदैन। तसर्थ भौतिकवादी समाजले जन्मदेखि मृत्युसम्मका भौतिकवादी संस्कार निर्माण गरी क्रमशः लागू गर्दै जानुपर्दछ। धार्मिक अन्धता, रुढिवादमा आधारित संस्कार र चाडपर्वहरूलाई त्याग्दै वैज्ञानिक सांस्कृतिक पर्वको टुङ्गो गरी सांस्कृतिकरूपमा मनाउन थाल्नुपर्दछ । साथै गीत, सङ्गीत, चलचित्र नाटकजस्ता मनोरञ्जनका आयामहरू पनि भौतिकवादी ढङ्गले निर्माण गर्नुपर्दछ । पर्यावरणको आवश्यकता बोधका निम्ति सामूहिक वृक्षारोपण, सरसफाइजस्ता संस्कारहरू पनि भौतिकवादी समाजले अङ्गीकार गर्नुपर्दछ ।

अर्थतन्त्र नै समाज निर्माण र विकासको मूल भौतिक तत्त्व हो। तसर्थ भौतिकवादी समाज निर्माणार्थ पहिलो चरणमा भौतिकवादीहरूद्वारा सञ्चालनमा रहेका वस्तु उत्पादन वा सेवा वितरणको सञ्जाल जोड्नुपर्दछ। यसरी जोडिएका सञ्जालमार्फत भौतिकवादी समाजका सदस्यहरूलाई व्यवसाय, सेवा वृद्धि साथै आर्थिक राहतका नीति तथा प्रणाली विकसित गर्नुपर्दछ । दोस्रो चरणमा भौतिकवादी समाजका सदस्यहरूले साझा अथवा साझेदारी अवधारणामा वस्तु वा सेवा उत्पादन तथा वितरणको अभ्यास पनि गर्दै जानुपर्दछ । साथै भौतिकवादी समाजका निम्ति आवश्यक सामाजिक संरचना निर्माण हेतु पनि आर्थिक कार्यक्रम तय गर्नुपर्दछ । भौतिकवादी समाजको विद्यालय, भौतिकवादी मृत्यु संस्कारका निम्ति घाट, भौतिकवादी समाजको भेला तथा कार्यक्रम हुने सामाजिक भवनजस्ता संरचना आवश्यक हुन्छ।

राजनीति सम्पूर्ण नीतिको केन्द्र हो। आजको समयमा चलिरहेको राजनीतिले आदर्शवादी धाराको मलजल गरिरहेको स्पष्टै छ। तसर्थ रुढिवाद र अन्धताजस्ता विषयमा राज्यको लगानी बन्द गराउन सङ्घर्ष गर्नुपर्दछ। विज्ञानको विकास र प्रवर्द्धनमा राज्यको लगानी बढाउन दबाब दिनुपर्दछ । जनताका आधारभूत आवश्यकता शिक्षा, स्वास्थमा लगानी बढाई मठ–मन्दिर, चर्च र गुम्बाहरूमा हुने राज्यको लगानीलाई प्रश्नको घेरामा उभ्याउनुपर्दछ। भौतिकवादी मतको सही पहिचान गर्न जनगणना गर्दा भौतिकवादीहरूको गणना अनिवार्य गर्न राज्यसँग माग गर्नुपर्दछ। साथै धार्मिक अन्धता, रुढिवाद, पितृसत्ता, जात व्यवस्था आदिबाट पीडितहरूलाई आर्थिक, कानूनीलगायत सहयोग गर्न भौतिकवादी समाज तत्पर रहनुपर्दछ । साथै किसान, मजदूर, निम्न वर्गका जनजीविकाका सवाल, राज्यसँग अधिकार प्राप्ति र स्रोत साधनमाथि पहुँचका सवालमा हुने सङ्घर्षहरूमा पनि आफ्नो वैज्ञानिक पक्षधरता स्पष्ट राख्नुपर्दछ। समग्रमा पाप र धर्म जस्ता अन्धविश्वासी अवधारणाबाट नभई सापेक्षिक न्याय र अन्यायको भौतिक कसीबाट भौतिकवादी समाजले आफ्नो राजनीतिक पक्षधरता स्वतःस्फूर्त तय गर्नुपर्दछ।

# अवैध व्यापार रोक्न भ्याट बिजकमा 'एचएस कोड' अनिवार्य

काठमाडौं, ३२ जेठ/रासस

भन्सार छली गरी अवैध मार्गबाट भित्रिने वस्तुको व्यापार नियन्त्रण गर्न सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) बिजक जारी गर्दा 'हार्मोनाइज्ड कोड' (एचएस कोड) अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । अभिवृद्धि कर नियमावलीमा संशोधनमार्फत भ्याट बिल जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो ।

एचएस कोड भनेको सामानको पहिचान (आइडेन्टिटी) नम्बर हो। मूल्य अभिवृद्धि कर (२६औं संशोधन) नियमावली, २०८१ को अनुसूची–५ र अनुसूची–६ संशोधन गरी बिजक जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो। नयाँ व्यवस्था अनुसार बिजकको नयाँ ढाँचा राजपत्रमा प्रकाशित भइसकेको छ । मूल्य अभिवृद्धि करसम्बन्धी नियमावलीको अनुसूची–५ (ख) मा कर नयाँ बिजकको ढाँचा समावेश गरिएको छ ।

उक्त ढाँचाको पहिलो कोठामा सिरियल नम्बर, दोस्रो कोठामा एचएस कोड र तेस्रो कोठामा विवरण उल्लेख गर्नुपर्ने प्रावधान राखिएको अर्थ मन्त्रालयको राजस्व महाशाखाका प्रमुख

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका
२०८१ असार ०१ गते शनिवार | प्रतीक | 2024 June 15 Saturday | ३

# झाँसीमा लक्ष्मीबाईको दरवार घुम्दा

यात्राले आनन्द दिंदो रहेछ। यात्रामा भएको पीडा र प्राप्त दुःख कालान्तरमा बिर्सिइँदो रहेछ तर यात्राको रमाइलो भने लामो समयसम्म सम्झनामा रहिरहन्छ। अझ कुनै यात्रा त साँच्चीकै आफ्नो जीवनमा निकै प्रिय सम्झनाको रूपमा रहिरहने रहेछ। मलाई झाँसीकी रानी लक्ष्मीबाईको दरबार घुमेको यात्रा भने निकै रमाइलो लाग्ने यात्राहरूमध्ये एक लागेको छ।

म इतिहासको विद्यार्थी र इतिहास प्रसिद्ध ठाउँहरूको भ्रमण गर्न पाउँदा आनन्दित हुन्छु। किन हो किन इतिहाससित सम्बन्धित स्थलहरू पनि मलाई तीर्थस्थलजस्तै लाग्दछन्। मलाई मनदेखि आकर्षित गरिरहने ठाउँहरूमध्ये ऐतिहासिक ठाउँ पनि हो र धेरै लामो समयसम्म स्मृतिमा ताजा रहिरहने ठाउँ पनि ऐतिहासिक नै हुन्छ।

मेरो लागि साउनको महीना यात्राको दृष्टिकोणले निकै उपयुक्त हुन्छ। ओर्लिंदो अवस्थामा गर्मीको रापलाई वर्षाले कम गरिरहेको हुन्छ। यात्राको लागि साउनको महीना नै उपयुक्त हुनुमा मुख्य कारण


तस्वीरः लेखक

चाहिं विद्यालयमा वर्षे अवकाश हुनु हो। हरेक महीना कम्तीमा साउनभरि गर्मी बिदा हुँदै आएको छ। धान रोपाइँ सकिएलगत्तै कतै निस्कने भूत सवार भइसक्छ। पहिले पुग्ने त बाबाधाम नै हो। एउटा पुरानो उखान छ – काशी जानु कुतीको बाटो। तर हामीलाई भने यही प्रवृत्तिले यात्रा गर्नुपर्दछ। कारण के भने बाबाधामको यात्रा दुई वा साढे दुई दिनमा पूरा भएपछि उतैबाट कुनै नयाँ ठाउँको यात्रामा निस्कन्छौं। शतप्रतिशत निर्धारित कुरो यही हुन्छ कि कुनै नयाँ ठाउँको यात्रा गर्नुछ तर सामान्यतया कुन ठाउँमा पुग्नु छ भन्ने कुरो पहिले निश्चित गरिएको हुँदैन। समय अनुकूल भएमा यसपटक करीब निश्चित थियो, झारखण्डको देवघरस्थित बाबा रावणेश्वर महादेवको दर्शन गरेपछि मध्यप्रदेशको उज्जैनस्थित महाकालको दर्शन गर्ने।

करीब डेढ दशकदेखि हरेक वर्ष हामीले यस प्रकारको यात्रा गरिरहेका छौं। एक वर्ष कोरोनाको कारण यात्रा हुन पाएन र अर्को एक वर्ष पनि बाबाधाम कोरोनाकै कारण बन्द भएकोले बाबाधाम नपुगी बनारसस्थित विश्वनाथको दर्शन गरेर आगरातर्फ लागेका थियौं।

साउन ६ गते शनिवार (२०८०) का दिन मेरो खेतको रोपाइँ सकियो। रोपाइँ सकिएको फोटो फेसबूकमा हालेपछि प्रेम सरले साथीहरूसित सल्लाह गरिसक्नु भएछ कि शुक्रवार बिहानै निस्कने। हामीलाई सधैं बिहानै निस्कनुपर्ने हुन्छ अर्थात् भन्छौं तर निस्कँदा जहिले पनि दिउँसो भइसक्छ। तर, यसपटक खास ढिलाइ भएन। खाना सबेरै खाएर सबै जना यात्राको औपचारिकता पूरा गरी निस्किन्छौं। निश्चित छ, यहाँबाट निस्कँदा पहिले शिवनगरमा दर्शन गरी बल्ल यात्रा शुरू भएको मान्दछौं।

यात्रामा पुरानै अनुहार छौं। हरेक वर्ष यस्तै हुन्छ, कोही एकाधजना थपिन्छन् वा घट्छन्, विशेष कारणले, हैन भने छ जना निश्चित छौं – मध्यरौतहट बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्रेमलाल साह, मावि गरुडाका हेड सर प्रभुराउत पटेल, शङ्कर गुदर मावि समनपुरका हेड सर

नियात्रा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

देवेन्द्र चौधरी, कटहरिया नगरपालिकाका शिक्षा संयोजक अनिलकुमार निधि, मनोज यादव र म। सातजना थियौं, एकजना को हुनुहुन्थ्यो, अहिले ठ्याक्कै सम्झना छैन।

२८ जुलाई २०२३ अर्थात् १२ साउन २०८० का दिन शिवनगरबाट प्रस्थान गर्दै गर्दा अरू वर्षको तुलनामा निकै छिटो थियौं। बिहान आठ बजे निस्कने सुरसार थियो तर अलिकति ढिलो गाडीले गरेको थियो। गाडी आइसकेपछि सबै सामान मिलाउनुपर्ने हुन्छ। सबै मिलाएर चोकमा गई छ कार्टुन पानीको बोतल लोड गर्‍यौं। अनि शिवनगरमा दर्शन गरी गौरतिर हानिंदा दिउँसोको पौने १२ बज्न लागेको थियो। हामी सबैले यात्राको सफलताको शुभकामना व्यक्त गर्‍यौं।

सधैंको उही त हो। गौर भन्सार भएर भारतको सिमाना प्रवेश गर्दछौं। बैरगनिया, सीतामढी, मुजफ्फरपुर हुँदै पूर्वतिर हानिन्छौं। झन्डै साँझ पर्न थालेपछि एक ठाउँमा खाजा खान्छौं। विगत केही वर्षदेखि यही ठाउँमा खाजा खाँदै आएका छौं। मन्दिरजस्तो फराकिलो ठाउँ छ, अलिकति पनि नगन्हाउने कलधाराको पानी, शीतल छहारी र सडक छेउमा बस्ने सुविधा पनि भएकोले हामी यसै ठाउँलाई बीस–पचीस किलोमिटर पहिलेदेखि नै खोज्दै आएका हुन्छौं। ठाउँ भेटिएपछि एक छिन आरामले बस्दै, हातगोडा तन्काउँदै, आङ बटार्दै ओर्लिएपछि चीसो पानीले मुख धोएर हरियो घाँसमाथि त्रिपाल बिछ्याउँदै आरामले बसेर घरबाटै लगेको रोटी, भुजिया, अचार आदि खाजा खान्छौं। सबैजनाको घरबाटै बनाएर पठाइएको हुन्छ। अघाउन्जेल खाजा हो, साँच्चीकै यही नै रातिको लागि भोजन पनि हो। अब कतै खाना खाने झन्झट हुँदैन। साँझतिर खाएपछि राति फेरि भोक लाग्दैन पनि। अनि यात्रा केवल अगाडि बढ्छ आजको गन्तव्यतिर। सबैको एकमत छ, गङ्गा कटेपछि त्यहीं ठाउँमा गएर सुत्ने जहाँ विगत केही वर्षदेखि सुत्दै आएका छौं। निरन्तर हुइँकिरहेको छ – बिआर ०५ एस ०११८ नम्बरको सेतो स्कारपिओ। सबैभन्दा पछाडिको सिटमा बसेको छु म। म हरेक वर्ष पछाडिकै सिटमा बसेर यात्रा गर्दछु। यस वर्ष देवेन्द्र हेड सरले धेरै प्रयास गरेका छन् पछाडि बस्न। म त मेरो फिक्स ठाउँमा बस्छु। बीचको सिटमा मोटामोटा चारजना बस्दा निकै अप्ठ्यारो हुन्छ। पछाडि कोही दुई जना मात्रै हुन्छन्। खट्टा तन्काएर बस्न पाइन्छ। उस्तै परे ढल्केर सुत्न पनि पाइन्छ। भारतमा, लामो यात्रामा जाँदा प्रायः सडकहरू खराब हुँदैनन्। सडक खराब नहुँदा पछाडि बस्न कुनै अप्ठ्यारो हुँदैन। हो, अलिकति गर्मी भने हुन्छ तर प्रायः एसी गाडी लगेका हुन्छौं। एसी नचलाउँदा सबै झ्याल खोलेपछि हावा आउँछ मज्जाले। दृश्यहरू साइडबाट र पछाडिबाट हेर्न पाइने सुविधा हुन्छ।

चालकलाई अल्छी लाग्ने पनि हुन्छ। एकोहोरो गाडी चलाइरहँदा थकाइ लाग्ने पनि हुन्छ होला। गौरा भन्ने ठाउँमा पुगेर गाडी साइड गर्छन्। कोही पान खान्छन्, कोही पानी पिउँछन्। कोही गुटखा, पराग वा यस्तै अन्य चीज खान्छन्। मेरो मनमा पनि पान खाने इच्छा जाग्छ तर तुरुन्त दबाउँछु। कोही चिया खान्छन्। गर्मी नै भए पनि चिया खानबाट म आफूलाई रोक्न सक्दिनँ। केही बेरको अलमलपछि हुइँकिन्छौं। अँध्यारोले बिस्तारै पछ्याउन थालेको छ अब।

अगाडिको सिटमा बसेका प्रेमलाल सरले मन्दिर देखेपछि साइड लगाउँछन्। रातको दश नाघिसकेको छ। अहिलेसम्म मन्दिरमा खासै भीड छैन। पंखाको हावा लाग्ने ठाउँ देखेर प्लास्टिक बिछाउँछौं। प्लास्टिकमा आफ्नो सिरानी राखेर सबै सुत्ने तर्खर गर्छौं। पक्की भुइँमा प्लास्टिकमाथि एउटा गमछा ओछ्याएर लामखुट्टेको सङ्गीत सुन्दै निदाउन सक्ने बहादुर नै हुन्छन्। म त यात्रामा पहिलो रात प्रायः अल्पनिद्रा नै लिन्छु। कतिखेर निदाउने र कतिखेर आँखा तन्काउने भन्ने नै हुँदैन। मज्जाले निदाउन पाउने कुनै कुरै हुँदैन। गाडीहरू लहरै हिंडिरहेका हुन्छन्। सडकले रातभर फुर्सद पाउँदैन।

कहाँ कहाँको समूह आएर बिस्तारै मन्दिरमा प्रवेश गर्दछन्। हनुमानजीको ठूलो मूर्ति छ। एकपटक शिर झुकाउँछन् र सुत्ने ठाउँ खोज्न थाल्छन्। बत्ती बलिरहेको छ, पंखा दौडिरहेको छ। दौडेर कहाँ पुग्नु छ, गन्तव्यको पत्तो छैन। पंखामुनि लामखुट्टे कमै जान्छ। कोही कसरी सुतेका छन् त कोही कसरी पल्टेका छन्। कोही घुरिरहेका छन् त कोही निदाएको अभिनय गरिरहेका छन्। वास्तवमा सुतेर वा पल्टेर शरीरलाई आराम दिन खोजेका छन् सबैले। आराम दिनुको पछाडि एउटै कारण छ, समय व्यतीत गर्नु। रात छिचोल्नु छ सुतेर। यस्तो परिवेशमा निदाउन सक्नेहरू भाग्यमानी हुन्।

कतिपयको अचम्मको बानी हुन्छ। जसै निद्रा खुल्यो, शौचालय गइहाल्नुपर्ने। प्रेम सरको त्यही बानी छ। जहाँसुकै होस्, सुतेर उठेपछि शौचालय गइहाल्नुपर्ने। अनि फराकिलो फाँटतिर जान कोही साथी चाहिन्छ। यसरी एकले अर्कोलाई साथी बनाउन खोज्दा सबै एकै छिनमा बिउँझाछन्। फ्रेस हुन्छन्। अगाडि एउटा चिया पसल छ। सबैजना चिया पिउँछौं। अँध्यारोले अझै धरणीलाई छोपेकै छ। हामी अगाडि बढ्दैछौं सुल्तानगंजतिर। (क्रमशः)

# अनुत्तरित प्रश्नभित्र उत्तरहरूको खोजी

समीर पाख्रिन(२०१६) नेपाली साहित्यको पूर्वपरिचित नाम हो। उनका अनुगमन (एकाङ्कीसङ्ग्रह, २०७५) र परिणति (नाटक, २०७८) गरी दुई कृति पूर्वप्रकाशित छन्। मूलतः नाटक र अंशतः कविता माध्यमबाट नेपाली साहित्यमा दर्बिलो कदम राखेका पाख्रिन आफ्नो नवीनतम कृति अनुत्तरित प्रश्न (कथासङ्ग्रह, २०८०) लिएर पाठक माझ उपस्थित भएका छन्। यस सङ्ग्रहका अधिकांश कथा पत्रपत्रिकामा प्रकाशित भइसकेका हुन्। पूर्वप्रकाशित ९ र ३ अप्रकाशित गरी यस कृतिमा एक दर्जन कथाहरू सङ्गृहित छन्।

कथाकार मन्दिरा मधुश्रीका शब्दमा समीरको कथा लेखनको धरातल हाम्रै परिवेशमा अडिएको छ। हाम्रै घरपरिवार, समाज, देशका घटना–परिघटनाको सूक्ष्म अध्ययन, चिन्तन र विश्लेषण हुन्छन् उनका सिर्जनामा। समिरका कथा पढ्दा आफ्नै कथा पढे जस्तो लाग्छ (पछिल्लो आवरण पृष्ठ)। सामाजिक तथा पारिवारिक जीवनका अनेकन समस्यामाथिका प्रश्न, राजनीतिका कूटिल दाउपेचजन्य समस्याले उठाएका प्रश्न तथा आर्थिक असमानताले निम्त्याएका समस्यामाथि प्रश्न वास्तवमा यी र यस्तै अनुत्तरित प्रश्नका उत्तरहरूको खोजी स्रष्टा पाख्रिनका कथाले गरेका छन्। यस अर्थमा कथा जीवन्त छन्, सामयिक र स्वाभाविक पनि लाग्छन्।

पहिलो कथा दोधारले स्वदेशभित्रको बेरोजगारी समस्या र वैदेशिक रोजगारप्रति युवाको मोहलाई कथ्य बनाएको छ। शहरी जीवनका विकटता, बेरोजगारीका कारण सृजित आर्थिक, सामाजिक तथा पारिवारिक समस्या, निजी स्कूलको शिक्षकका रूपमा प्राप्त हुने अल्पकालीन रोजगार र त्यसप्रतिको सामाजिक दृष्टिकोण कथामा व्यक्त भएका छन्। एकातिर लोकसेवा आयोगको अधिकृतमा छनोट भएको समाचार र अर्कोतिर वैदेशिक रोजगारको भिसासहितको हवाईटिकट। यी दुवै एकसाथ हात लाग्दा स्वदेशमैं बसौं कि वैदेशिक रोजगारमा लागौं भन्ने द्विविधालाई दोधार कथाले विषय बनाएको छ।

दोस्रो कथा मेरो जन्मघरले जन्मघरप्रति स्नेहभाव व्यक्त गरेको छ। मातापिताप्रति श्रद्धाभाव, वृद्धवृद्धाप्रति सहृदयता र जन्मघरको ममता कथामा सहजताका साथ व्यक्त भएको छ। प्रायः भग्नावशेषका रूपमा पुगेको र भूतघरका रूपमा चिनिएको आफ्नो जन्मघर खरीद गरी स्वर्गीय मातापिताको नाममा वृद्धाश्रम निर्माण गरी असहायहरूलाई आश्रय दिने पुनीत कर्मका माध्यमबाट नवपुस्तालाई समाजसेवामा लाग्न अभिप्रेरित गरिएको छ।

तेस्रो कथा अनुत्तरित प्रश्नले पारिवारिक पृष्ठभूमिलाई कथ्य विषय बनाएको छ। लकडाउनको समयमा भएको प्रविधिमैत्री भर्चुअल शिक्षण विधि र यसले बालबालिकामा पारेको प्रभाव चित्रण गरिएको यस कथामा बालमनोविज्ञानमा आधारित सिकाइ कार्यकलापमा जोड दिनुपर्ने सन्देश कथामा पाइन्छ। सामान्य पारिवारिक असमझदारीले निम्त्याएको असाधारण परिणति कथामा वर्णित छ।

चौथो कथा हाँस्दाहाँस्दैले साहित्यिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिलाई चिरफार गरेको छ। विमोचन समारोहमा समीक्षकले राख्ने धारणाले लेखक तथा पाठकमा पार्ने प्रभाव कथाको कथ्य बनेर आएको छ। कृतिमाथि स्वच्छ समीक्षा जरुरी छ। अति आग्रह र अति पूर्वाग्रह दुवै घातक छन्। यसले लेखक तथा पाठक दुवैलाई हानि गर्छ। एकजना समीक्षकको पूर्वाग्रहले लेखनवृत्तिमा


पुस्तक समीक्षा



-भावकेशर बराल

पारेको प्रभाव देखाउँदै प्रभाव र दबाबमा नपरेर निरन्तर लेखनकर्ममा लाग्ने व्यक्ति नै सच्चा लेखक हो। समयले सिर्जनाको मूल्याङ्कन अवश्य गर्छ।

पाँचौं कथा बदर मतले राजनीतिका विकृति विसङ्गतिलाई उधिनेको छ।




जनतामाथि नेताले बाँड्ने चुनावी आश्वासन, भोटप्राप्तिका लागि बिछ्याइने जालझेल, सोझासिधा जनतामा राजनीतिप्रति वितृष्णालगायत विषय कथाले उठाएको छ। राजनीतिक सचेतनाको अभावले मत बदर हुने दृष्टान्त पनि प्रस्तुत छ।

छैटौं कथा मिलापत्रले नारी समस्या उठाएको छ। घरपरिवारमा नारीमाथि हुने हिंसा, लैङ्गिक विभेद, बहुविवाहजस्ता विषय कथ्य बनेर आएका छन्। पितृसत्ताको सोचले आक्रान्त सामाजिक संरचना भत्किनुपर्छ। अशिक्षा र अन्धविश्वास नै नारीमाथिको दमनको कारक बनेको छ। र, यस्ता अत्याचारविरुद्ध आवाज बुलन्द हुनु आवश्यक छ।

सातौं कथा अन्तर्वार्तामा एकजना सफल उद्यमीको कथा प्रस्तुत गरिएको छ। उद्यमशील बन्न सके थोरै लगानी र व्यावसायिक चिन्तनबाट सफलता हासिल गर्न सकिन्छ भन्ने सन्देश कथाले व्यक्त गरेको छ। हातमा सीप, काममा जाँगर र व्यवहारमा इमानदारी भए बेरोजगारी बस्नुपर्दैन, स्वरोजगार सृजना गरी अरूलाई समेत अवसर दिन सकिन्छ।

आठौं कथा झन्डै अनर्थ भएकोले प्राकृतिक प्रकोप र यसले निम्त्याएको समस्यालाई प्रस्तुत गरेको छ। ग्राम्यवासीले प्रदर्शन गरेको सहृदयता र सरलता, त्याग र समर्पणले आजको स्वार्थप्रेरित समाजमा मानवताको नवीन सञ्चार गर्ने आशा राख्न सकिन्छ। अशिक्षा र अन्धविश्वासकै कारण ग्रामीण समाजमा मातृशिशुको स्वास्थ्यमा देखापर्ने समस्यालाई कथाले उठाएको छ। तीर्थ यात्रामा निस्केका परिवारका सदस्य बेखबर भएपछि अन्तिम संस्कारको तयारी हुन लाग्दा अचानक आइपुगेपछिको वर्णन रोमाञ्चक छ।

नवौं कथा नयाँ युगको सङ्केतले राजनीतिक तथा सामाजिक क्षेत्रमा देखापरेका विकृति विसङ्गति कोट्याउँदै जनतालाई नेतामुखी नबन्न र समाजको परिवर्तनका संवाहक स्वयं बन्न आह्वान गरिएको छ। जनता नेतामुखी बन्दै गएका, नेतामा राजनीतिक इमानदारिता र नैतिकता ह्रास हुँदै गएको छ तर हामी आफैं समाजको विकास र निर्माणका आधारशिला बन्न सक्छौं। अतः थोरै इच्छाशक्ति र थोरै मात्र त्यागको भावना भयो भने नयाँ युग आउँछ।

दशौं कथा दुवै हातमा लड्डुले स्थानीय राजनीतिका कुटिल चाललाई प्रस्तुत गरेको छ। राजनीतिलाई देश र समाजको हितका लागि नभएर स्वार्थपूर्तिको माध्यम बनाउने प्रवृत्तिप्रति कथामा व्यङ्ग्य गरिएको छ। साम, दाम, दण्ड, भेदको नीति लिएर स्वार्थपूर्तिमा प्रवृत्त नेताको चरित्र कथाले उदाङ्ग पार्दै वर्तमान राजनीतिक वृत्तमा देखापरेका परिदृश्य प्रस्तुत गरेको छ।

एघारौं कथा आजको श्रवणकुमारले सेवा नै परम धर्म हो भन्ने चिन्तन व्यञ्जित गरेको छ। निस्स्वार्थ सेवा गरे त्यसको प्रतिफल प्राप्त हुने सन्देश छ। अभिभावकप्रति सन्तानको कर्तव्य देखाउन खोजिएको छ। आगन्तुकप्रति गर्नुपर्ने सद्व्यवहार, मानवीय संस्कारलगायत विषयलाई कथाले कथ्य बनाएको छ। कर्तव्य निर्वाह नगर्ने तर अधिकार खोजी गर्ने आधुनिक समाजमा व्यक्तिवादी प्रवृत्ति हावी छ।

अन्तिम कथा एटिएम कार्डले वित्तीय साक्षरतालाई कथ्य बनाएको छ। वित्तीय साक्षरताको अभावले हुन सक्ने दुर्घटनाप्रति सचेत बनाएको छ। पारिवारिक विश्वासको अभाव र त्यसले सृजित समस्या कथाको विषय हो। उचित मार्ग निर्देशन र पारिवारिक संस्कार भएन भने बालबालिका दुर्व्यसनी बन्ने कुरामा हामी सबै सचेत हुनुपर्छ।

अन्त्यमा, सामाजिक विषयवस्तुलाई न्यून आदर्श र अधिक यथार्थ उन्मुख सञ्चेतनाको संवरण गर्न खोज्नु कथाकार पाख्रिनको मूल कथावृत्ति देखिन्छ। कथाकारकै शब्दमा विनापूर्व तयारी कथाविधामा प्रवेश गरेको हुँदा मेरा कथाहरू कलात्मक र शैलीपरक नभएका हुन सक्छन्। यसैले म मेरा कथाहरू प्रशोधनमा नपरेका अर्गानिक कथाहरू हुन् भन्न मन पराउँछु (मेरा दुई कुरा)।

उनका कथामा भाषाशैलीगत सरलता र सहजता छ, न्यून साहित्यिक लालित्य र गुम्फनरहित स्वाभाविक तर प्राञ्जल कथ्य बोलियुक्त अभिव्यक्ति। विमातृभाषी नेपालीको कथनमा देखिने भाषिक वैशिष्ट्य यदाकदा उनका कथामा देखिन्छन्, कतै पात्रानुकूल स्वाभाविक स्वरूपमा त कतै भाषिक सम्पादनको अभाव र मुद्राराक्षसगत त्रुटिका रूपमा। समग्रमा उनका कथाले समस्याको उठान, कथ्यको उत्कर्षण र सारवस्तुको निष्कर्षणमा स्वाभाविकता प्राप्त गरेका छन्। यस अर्थमा अनुत्तरित प्रश्नभित्रका कथा पठनीय र वैचारिक छन्।

## यात्रा

**- हरिकृष्ण बराल**

म वास्तवमा को हुँ, कहाँबाट आएँ ?
के को पुण्यले, मैले गुरु प्रेम पाएँ ?
भएँ आत्मवान, गुरु प्रेरणाले।
सुमिरन हुँदैछ, गुरुको कृपाले।

यो यात्रा छ जारी, जीवन साधनाको
यो यात्रा छ जारी, अन्तर जागरणको।
जपी रामनाम, गुरु चरणमा बसेर
सहज साधना, आफू भीत्रै पसेर ॥

– मूर्ली बगैंचा, वीरगंज– १२

# आनन्दको खोजी : मनको अन्तर्यात्रा


हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

आध्यात्मको प्रक्रिया ठीक विपरीत हुन्छ। यसले विश्लेषण गर्दैन, संश्लेषण गर्दछ। यसैले आध्यात्मिक साधनालाई योग भन्ने गरिन्छ। योग भन्नाले जोडिनु। अध्यात्ममा हामी जोडिंदैजान्छौं। हाम्रो व्यक्तित्व जोडिंदैजान्छ। जोडिंदै गएर हामी अखण्ड सत्ता परमात्मालाई प्राप्त गर्छौं। परमात्मा अखण्ड छ। विज्ञानले जे पाएको छ, त्यो खण्ड–खण्ड छ। यी दुवैमा धेरै फरक छ। विज्ञानको ज्ञान अब्जेक्टिभ ज्ञान हो। भित्रको ज्ञान ब्रह्मज्ञान हो, आत्मज्ञान हो। यो सब्जेक्टिव अनुभव हो। बाहिरको ज्ञान सूचनात्मक हुन्छ भने भित्रको ज्ञान अनुभवात्मक हुन्छ। बाहिरी जगत्का सूचनाहरू हामी शेयर गर्न सक्छौं। अध्यात्मका कुराहरू शब्दमा व्यक्त गर्न सकिंदैन। किनकि अध्यात्मलाई हामीले मौनमा जानेका हुन्छौं। आत्मज्ञान मौनमा, शून्यमा, सन्नाटामा घटित हुन्छ। बाहिरको ज्ञान शब्दहरूबाट घटित हुन्छ। त्यही भएर यसलाई शब्दबाट अभिव्यक्त गर्न सकिन्छ। भित्रको अनभूति शब्दको अभिव्यक्तिमा समेट्न सकिंदैन।

जुन व्यक्ति बहिर्मुखि हुन्छ, ऊ विज्ञानमा उत्सुक हुन्छ। जुन व्यक्ति अन्तर्मुखी हुन्छ, ऊ आत्मज्ञानमा उत्सुक हुन्छ। दुवैको यात्राको दिशा पनि भिन्न हुन्छ। एउटालाई बहिर्यात्रा गर्नुपर्ने हुन्छ भने अर्कोलाइ अन्तर्यात्रा गर्नुपर्ने हुन्छ। एउटाले शब्दहरूसँगै जीवन जिउन सिक्नुपर्छ भने अर्कोले शब्दबाट मुक्त भएर जीवन जिउनुपर्दछ। विज्ञानको खोज मनबाट हुन्छ, बुद्धिबाट हुन्छ, भने भित्रको खोज जागरणबाट हुन्छ। भित्रको खोजको लागि विचारको, तर्कको कुनै आवश्यकता हुँदैन। यहाँ कुनै हिसाब किताबको जरुरत हुँदैन। यहाँ मौनमा, सन्नाटामा डुब्नु पर्दछ। विज्ञान र आध्यात्ममा यही फरक हुन्छ।

संसारमा सबै थोक संयुक्त छ। सबैथोक जोडिएको छ। तर हामी जब खोजी गर्नको लागि हिंड्छौं, तब एक पटकमा एउटा दिशामा मात्र जान सक्छौं। एउटा मानिसले एकपटकमा वैज्ञानिक दृष्टिकोणको खोज बाहिरी जगत्मा गर्न सक्छ वा भित्री ध्यानको खोज गर्न सक्छ। तर दुवै कुरा एकैपटक गर्न सक्दैन। जब मानिस आफ्नो प्रयोगशालामा अनुसन्धान गरिरहेको छ भने बहिर्मुखी हुन्छ। जब मानिस ध्यान कक्षमा ध्यानमा डुबिरहेको छ, समाधिस्त भइरहेको छ भने अन्तर्मुखी हुन्छ।

यी दुवै यात्रा एउटै मानिसले गर्न सक्छ, तर यी दुवैको दिशा फरक भएको कारणले गर्दा अलग–अलग समयमा मात्र गर्न सक्छ। जब ऊ भित्रको मौनमा डुबेको हुन्छ, त्यो समयमा उसले वैज्ञानिक अन्वेषण गर्न सक्दैन। जब ऊ वैज्ञानिक अन्वेषण गरिराखेको हुन्छ, तब ऊ बहिर्मुखी हुन्छ। तब ऊ माइक्रोस्कोपमा वा टेलिस्कोपमा हेरिरहेको हुन्छ। त्यसैले यो समयमा उसले आफू भित्रको यात्रा गर्न सक्दैन। दुवै चीज एकै व्यक्तिको जीवनमा सम्भव छ। तर एकैपटक हैन, फरक–फरक समयमा मात्र सम्भव छ। यसलाई यसरी भन्दा राम्रो होला – हिंडिरहेको बेला म बसिरहेको छु भनेर भन्न मिल्दैन। फेरि बसिरहेको बेला म हिंडिरहेको छु भन्न मिल्दैन। तर म दुवै कार्य गर्न सक्छु। तर यी दुवै कार्य अलग अलग समयमा मात्र गर्न सक्छु।

विज्ञानले हामीहरूलाई वैज्ञानिक दृष्टिकोण दिएको छ। यसले चमत्कारी आविष्कारहरू गरेको छ। पुरातन शास्त्रमा जुन स्वर्गीय सुखको बयान गरिएको छ, विज्ञानले त्योभन्दा पनि बढी सुखका साधनहरू यस धर्तीमा जुटाइदिएको छ। त्यसका साथै यो कुरा पनि साँचो हो कि विज्ञानले युद्धका साधनहरू पनि आविष्कार गरेको छ। तर हामीले याद राख्नुपर्ने कुरा के छ भने विज्ञानले जस्तोसुकै सामान आविष्कार गरे पनि हामीहरूले यसको उपयोग सही तरीकाले गर्नुपर्दछ। तर राजनीतिज्ञहरूको रुचि हिंसामा, लडाइँमा, मारकाटमा हुने भएकोले उनीहरूले वैज्ञानिक आविष्कारहरूको दुरुपयोग गर्ने गरेका छन्।

आत्मज्ञान एक मात्र ज्ञान हो। किनकि जसले स्वयंलाई जान्दैन, उसले अरू सबैथोक जाने पनि त्यसको केही मूल्य हुँदैन। मानिसको सबैभन्दा ठूलो कमी भनेको नै आफूलाइ नचिन्नु हो। दियोको मुन्तिर जुन अँध्यारो हुन्छ, त्यस्तै मानिस आफ्नो सत्ताप्रति अन्धकारमा हुन्छ, आत्माप्रति अनभिज्ञ हुन्छ। हामी आफैंलाई जान्देनौं भने हाम्रो सम्पूर्ण जीवन गलत दिशामा गयो भनेर हामीले आश्चर्य मान्नुपर्ने कुरा केही छैन। आत्मज्ञानको अभावमा हाम्रो जीवन बेहोशी नाविकले चलाएको डुङ्गा जस्तै हुन्छ। जीवनलाई सम्यक गति तथा निश्चित गन्तव्य दिनको लागि स्वयंको ज्ञान हुनु आधारभूत कुरा हो। मैले के बन्नुछ भन्ने जान्नुभन्दा पूर्व म को हुँ ? भन्ने जान्नु आवश्यक छ। जीवनलाई सार्थकता दिनको लागि अरू कुरा जान्नुभन्दा पहिले स्वयंलाई जान्न जरुरी छ। तब मात्र शेष ज्ञानको उपयोग हुन सक्छ। अन्यथा अज्ञानीको हातमा आएको ज्ञान आत्मघाती सिद्ध हुनेछ। ज्ञानको पहिलो सिंढी नै स्वयंलाई जान्नु हो। यो विन्दुमा अँध्यारो छ भने अरू सबैतिर अँध्यारैअँध्यारो देखिन्छ र यस विन्दुमा उज्यालो छ भने सबैतिर उज्यालो देखिन्छ।

आनन्द प्राप्ति नभई मानिस सन्तुष्ट भयो भने बाहिरबाट हेर्दा मानिस सुखी देखिए पनि वास्तविक सुख पाउन सक्दैन, परम आनन्दको सम्पदा प्राप्तिबाट चुक्छ। आफूभित्रको आत्मानन्दलाइ जानेपछि मात्र परम सन्तोष प्राप्त हुन्छ। यो परम तृप्ति बाहिरको चीजहरूसँग सम्बन्धित छैन, त्यो आफैंभित्र घटित हुन्छ। जब सम्म हामीलाई परम तृप्ति मिल्दैन तबसम्म हामीले सन्तोष मानेर रोकिनु हुँदैन। जबसम्म हामीलाई आखिरी गन्तव्य प्राप्त हुँदैन, तबसम्म हामीले यी सानातिना मुकामलाई गन्तव्य बनाउनुहुँदैन। सानासाना सुनका टुक्राहरूको लोभ नगरी निरन्तर अगाडि बढ्न सके एकदिन हामी सुनको खानीमा पुग्न सक्छौं। जहाँ हामी सन्तुष्ट भएर बस्नेछौं। हाम्रो मार्गमा बाधा आउने छ। लक्ष्य नभेटुन्जेल हिंडिरहनुपर्छ। गौतम बुद्धले आफ्ना शिष्यहरूलाई भन्ने गर्थे–चरैवेति चरैवेति। मानिस आफैंदेखि अतृप्त भयो भने मात्र उसको कदम प्रभुको दिशामा उठ्छ। जसले स्वयंलाई नचिनी स्वयंसँग तृप्त हुन्छ, त्यो नष्ट हुन्छ। त्यसैले ओशो भन्छन्–म मानिसहरूलाई अतृप्ति सिकाउँछु। मनुष्य जीवन यात्राको मुकाम मात्र हो, गन्तव्य होइन। जसले यसैलाई गन्तव्य ठान्छ, उसले मनुष्यताभन्दा माथि उठ्ने अवसर गुमाँउछ। हामीहरू एउटा लामो विकासक्रमको मध्यम कडी हौं। हाम्रो अतीत पनि यात्रा थियो। हाम्रो भविष्य पनि यात्रा नै हो। विकास हामीमैं समाप्त हुनेछैन। विकासले हामीलाई पनि अतिक्रमण गर्नेछ। मानिसले आफूलाई अधूरो–अपूरो महसूस गर्नु नै यसको प्रमाण हो।

मानिस प्रभु प्राप्तिको मार्ग हो। जो गन्तव्य छोडेर मार्गमा नै सन्तुष्ट हुन्छ, उसले मानिस हुनुको सौभाग्य गुमाउँछ। पशुलाई हामीले पछाडि छोडीदियौं। प्रभुलाई हामीहरू अगाडि पाउन सक्छौं। यस अर्थमा हामीहरू पशु र प्रभुबीचका सेतु हौं। मनुष्यको अतिक्रमण नै मनुष्य जीवनको सदुपयोग हो। किनकि मार्ग रोकिनको लागि हैन, यसको सार्थकता यसलाई पार गर्नुमा छ।

कुनै पनि मानिस साधारण छैन। त्यसैले हामीले आफूलाई हीनभावले भर्नु हुँदैन। अहङ्कारका दुई रूप हुन्छन्। एउटा रूप म खास हुँ, म विशिष्ट हुँ, म सबै भन्दा अगाडि छु भन्ने श्रेष्ठताको भाव हो भने अर्को म साधारण हुँ, म तुच्छ हुँ, म त केही पनि होइन भन्ने हीनताको भावना हो। यी दुवै मान्यता गलत छन्। कुनै पनि मानिस साधारण वा अति विशिष्ट छैन। क्रमशः

# मदार प्वायजनिंग वा अकवनको विषाक्तता

स्वास्थ्य चर्चा

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

आज अर्को स्थानीय बिरुवा अकवनको विषाक्तताको वर्णन गरिने छ। म नित्य क्लिनिक जाने बेला नारायणी अस्पतालको पछाडि फालेको फोहोर जमीनमा अकवन देख्ने गरेको छु। तर यो मन्दिर परिसर र वरिपरिको जमीनमा पनि उम्रन्छ। यसरी त्याज्य र फोहोर भूमिमा आफैं हुर्कने अकवन आश्चर्यजनक रूपमा आयुर्वेद, युनानी र गाउँले औषधिको सरदार बिरुवा हो जसको उपयोग दमा, कफ, चिसो लागेको बेला र यहाँसम्म कि बहिरोपनमा पनि कमाल गर्छ। यसको फूलको केही थोपा रस पनि कानमा हाल्यो भने हलुका बहिरोपन ठीक भएको देखिएको छ। तर आँखामा पर्नुहुँदैन, मानिस अन्धो हुन सक्छ। अकवन एउटा पेरिनियल बुट्यान हो। एक किसिमको बिरुवा वार्षिक हुन्छ, अर्थात् तिनी सुकेपछि फेरि रोप्नुपर्छ। अर्को किसिमको बिरुवालाई रोप्नुपर्दैन। त्यही बिरुवाबाट फेरि उम्रन्छ। पेरिनियल भनेको अर्थ यही हो। अर्थात् विनाप्रयास उपलब्ध हुन्छ। जाडोमा यसको माथिल्लो भाग मात्र सुख्छ जुन वसन्तमा फेरि टुसाउँछ। हिन्दू धर्ममा पञ्चपल्लवको वर्णन आउँछ जसमा कसैकसैको भनाइमा मदारको पात पनि एउटा हो। यसको उपयोगिताको वर्णन निम्नलिखित शीर्षकमा गर्न सकिन्छ : १. एज एन एन्टिइन्फ्लेमेटरी वा सुन्निएको अङ्ग ठीक पार्ने, जस्तै–एक्जिमा, सोरियासिस तथा अन्य सुन्निएकोमा। २. एज एन एन्टिवेक्टेरियल वा बेक्टेरिया मार्ने औषधि जस्तै–पिलो, सङ्क्रमित घाउ र छालाको अर्को सङ्क्रमणमा। स्टेफाइलोकोकस औरियस, इ.कोलाई र कैन्डिडा सङ्क्रमणमा यो विशेषरूपमा उपयोगी हुन्छ। ३. एज एन एनाल्जेसिक वा दर्दनिवारकको रूपमा : जोर्नी दुख्ने वा पेट दुखेमा जोर्नी वा पेटमाथि यसको पुल्टिस बाँध्दा दुःखाइ निको पार्छ। ४.पाचन प्रणालीको गडबडीमा : यदि कब्ज छ वा पखाला चलेको छ भने दुवै रोग अकवनले उही खुराकमा ठीक पार्छ। कब्ज छ भने पखाला गराइदिन्छ, पखाला चलेको छ भने कब्ज गराइदिन्छ। यो अद्भुत काम अरू कुनै एउटै औषधिले गर्न सक्दैन। बजारमा कब्जको छुट्टै र पखाला चलेको छुट्टै औषधि हुन्छ। यसरी यहाँ अकवन टु इन वनको रूपमा देखियो। ५.एज एन पारासाइटिक वा कृमि मार्नमा– पारासाइट भनेको राउन्डवर्म, टेपवर्म, पिनवर्म आदि कैयौं हुन्छ। अकवनले सबैलाई एक साथ मार्छ।

आजकाल यसलाई सडकको डिभाइडरमा पनि लगाउने गरिन्छ। यस अद्भुत र हेला गरिएको बिरुवालाई हिन्दीमा आक वा मदार, अङ्ग्रेजीमा मिल्कवीड, भोजपुरीमा अकवन र फ्रेंचमा फ्रेंच कटन भनिन्छ। मदारको अर्थ अर्बिट हुन्छ। अर्बिट आँखाको ओडारलाई भनिन्छ, जसमा आँखा हुन्छ। यसको फूल पनि ओडारजस्तो हुन्छ जसको बीचमा आँखाजस्तो निस्केको हुन्छ। यसको बिरुवा २.५ मिटर लामो र कुनै कुनै त्यसभन्दा पनि ठूलो हुन्छ। तर रेगिस्तानमा पाइने मदार त्यसभन्दा सानो हुन्छ। यसको पात वर वा पकडीको




पात जस्तो तर त्यसभन्दा ठूलो हुन्छ। यसको फूल सानो, सेतो र गोलो चकलेट आकारको जसको बीचमा पहेंलो धारी भएको १.२ X २ इन्चको हुन्छ जसका पालुवा फुलेपछि अलग–अलग हुन्छ। यसको परागण माहुरीद्वारा हुन्छ। जब माहुरी फूलमा बस्छ तब त्यसको खुट्टामा फूलको एन्ड्रोसियम टासिन्छ। जब माहुरी अर्को फूलमा बस्छ, एन्ड्रोसियम फूलको गाइनोसियममा टाँसिन्छ। यसरी परागण भएपछि जब फूलमा बीउ बन्छ तब हावाले परपर उडाएर यस बिरुवाको विस्तार गर्दै जान्छ। यसको सानोसानो बीउमा कैयौं फ्लेजिलेट वा भुआ हुन्छ। हावासँगै भुआमा रहेको बीउ उडेर अर्को ठाउँमा पुग्छ र अकवनको पौधा हुर्कन्छ। यही भुआले गर्दा यसलाई फ्रेंच कटन भनिन्छ। जहाँबाट पनि काट्दा अकवनबाट सेतो रस कनेरभन्दा पनि बढी मात्रामा निस्कन्छ। यसै कारणले यसलाई मिल्की वीड पनि भनिन्छ। यसको रसले कपडामा नजाने दाग लाग्छ। यसको नमीठो गन्धले जनावरहरू यसबाट टाढैं बस्छन्।

यसको वैज्ञानिक नाम केलोट्रोपिस हो जुन दुई प्रकारको हुन्छ : एउटालाई केलोट्रोपिस गिगान्टिया र अर्कोलाई केलोट्रोपिस प्रोसेरा भनिन्छ। गिगान्टिया हामी कहाँ फोहोर जमीनमा हुर्कन्छ जसको फूलको रंग पर्पल हुन्छ। प्रोसेरा मरूभूमिमा हुन्छ जसको फुलको रंग सेतो हुन्छ। यो पनि एपासाइनेसी परिवार अन्तरगत पर्छ। दुवै लगभग एक जस्तो क्रियाशील हुन्छन्। यसको कार्यशील रसायनको नाम हो : युस्करीन, केलोटाक्सिन र केलेक्टिन। यसको जुन रस निस्कन्छ त्यो धेरै बाक्लो हुन्छ र १४.८ प्रतिशत ठोस हुन्छ। जब यसको दूध तताइन्छ वा केही बेर यसै छोडिन्छ तब त्यो रगतजस्तै जम्छ जसको माथि सफा र खैरो रंगको पातलो तरल पदार्थ अथवा सिरम देखिन्छ। त्यो तरल द्रव नै विषाक्त हुन्छ। जमी सकेको सेतो भाग विषाक्त हुँदैन। तर त्यो अल्कोहल, इथर र क्लोरोफार्ममा घुलनशील हुन्छ। माथिको सिरम धेरै विषाक्त हुन्छ जसको केवल ०.०५ मिली.ले मात्र एउटा भ्यागुतालाई मिनटभित्र मारिदिन्छ। चेन्नईको एन.पिचल्यान्डले यसबाट गिगैन्टिन नामक रसायन पनि पत्ता लगाएका छन्, जुन ३२३ डिग्री सेल्सियसमा पग्लेर टुट्छ। यो पानीमा कम तर अल्कोहलमा बढी घुलनशील हुन्छ र स्ट्रिक्निनभन्दा २० गुणा बढी विषाक्त हुन्छ। स्ट्रिक्निनलाई पश्चिममा एसट्रिक्नोस नक्स भोमिका ट्री र हाम्रोमा कुचिला भनिन्छ। लोकल एप्लिकेशन इरिटेन्ट विष हो भने अवशोषणपछि यसले सिरेब्रोस्पाइनल विषको काम गर्छ। यसको ०.५ मिग्रा. प्रतिकिलो वजनको हिसाबले पेरिटोनियममा दिइयो भने एउटा कुकुर अति छटपटाएर बान्ता र पखाला गर्दै श्वाप्रश्वाास बन्द भएर मर्छ। ०.२ देखि २ मिग्रा. खुराकले एउटा कुकुरलाई मार्न एक घण्टा लाग्छ। जव छाला माथि लगाइन्छ, मदारले त्यहाँ पोल्छ र छाला रातो हुन्छ र फोका पैदा गर्छ। आँखामा परेपछि अन्धो बनाउन सक्छ। जब मदारको धूलोको नस लियो भने त्यसले मृत्युसमेत गराउन सक्छ। बङ्गालमा एकजना मानिसको बङ्गारा दुख्यो र एउटा गाउँले वैद्यकहाँ पुग्यो। वैद्यले भुलवश मदारको जराको धूलो सुँघ्नको लागि दियो। मान्छेमा विषाक्तता पैदा भयो र मऱ्यो। यसको जुस खाएपछि पेट र घाँटीमा तीव्र जलनयुक्त पीडा हुन्छ। त्यसपछि मुखमा घाउ देखिने, बान्ता र पखाला चल्ने, आँखाको नानी फैलिने, टिटेनसजस्तो कन्भल्शन भएर मृत्यु हुन्छ। कहिलेकाहीं यसमा डेलिरियम पनि देखिन्छ। यसको मृत्युकारक खुराक निश्चित छैन, तर मृत्युको अवधि साढे एकदेखि ८ घण्टाको हुन्छ। यसको उपचारमा अमाशयको सफाइपछि सेलाइन दिइन्छ। त्यसपछि नरम र चिल्लो पेय पदार्थ खुवाइन्छ। दुःखाइ र छटपटी कम गर्न छालामुनि मर्फिन उपयुक्त औषधि हो। कोलेप्स हुन लागेकोलाई कोरामिनको आवश्यकता पर्छ।

आयुर्वेदिक औषधिमा यसको फूल, पात, बोक्रा र जुस सबै प्रयोग गरिन्छ। यसको फूलबाट पाचक र टानिक बनाइन्छ। पेट दुखेको छ भने पेटमा पातको पुल्टिस बाँध्दा ठीक हुन्छ। यसको बोक्राको २ देयिख ४ ग्राम धूलोले बान्ता गराउने औषधिको काम गर्छ। यसको टिंक्चर डिसेन्ट्रीमा प्रयोग गरीन्छ। यसको दूधजस्तो जुसलाई पुरानो छाला रोगमा दल्नाले रोग ठीक हुन्छ। यसको जुसले छालाको रौं पनि सफा गरिन्छ। यसको प्रयोग शरीरको दुर्गन्ध हटाउन पनि गरिन्छ। मदारको जुसमा पारा मिलाई खुवाएर वा एबोर्सन स्टिकमा चोभेर पाठेघरमा पुऱ्याएर गर्भपात गराउने अपराध पनि देखिएको छ। पारिवारिक प्रतिष्ठा बचाउनको लागि एकजना मुस्लिम बुवाले छोरीलाई केही खान दियो। केटीले पनि खाई। छोरी मरी र उसको दफन पनि गरियो। पुलिसले लाश निकालेर परीक्षण गर्दा मदारको विषाक्तता पाइयो। कहिलेकाहीं मदारको जुस आम हत्या वा बच्चाको हत्या र आत्महत्यामा पनि प्रयोग हुन्छ। फोराटेक्स तरकारीमा छर्ने एउटा इन्सेक्टिसाइड हो। त्यसलाई घरको चारैतिर चुनको धूलो जस्तो छरिदियो भने विषालु साँप त्यसको तीव्र गन्धले गर्दा घरको वरिपरि पनि आउँदैन। ठीक त्यसरी नै मदारको तीव्र गन्धले नै साँप भाग्छ। यस कारण सपेराहरू साँप समात्ने र नयाँ साँपलाई प्रशिक्षित गर्न यसको प्रयोग गर्छन्। अफ्रिकाका आदिवासीहरू तीरलाई विषालु बनाउन यसको प्रयोग गर्छन्।

अस्तु !



गलेश्वर धामः बेनी नगरपालिका–९ मा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै विशाल चक्राकार शिला (पत्थर) माथि अवस्थित म्याग्दीको प्रसिद्ध धार्मिकस्थल गलेश्वर धाम। उक्त धाम नेपालको दोस्रो पशुपतिनाथको नामले परिचित छ। तस्बिरः ध्रुवसागर शर्मा

# अन्तर्राष्ट्रिय समाचार

## कुवेत ज्यान गुमाएका भारतीयको पार्थिव शरीर स्वदेश फिर्ता

कुवेत, ३२ जेठ/एएनआइ

कुवेतको श्रम आवासमा आगलागी हुँदा ज्यान गुमाएका ४५ जना भारतीय



नागरिकको पार्थिव शरीर बोकेको भारतीय विशेष वायुसेना विमान शुक्रवार बिहान कोच्चिका लागि उडेको कुवेतस्थित भारतीय दूतावासले जनाएको छ।

"कुवेतमा आगलागीको घटनामा ज्यान गुमाएका ४५ जना भारतीयको पार्थिव शरीर बोकेको विशेष आइएएफ विमान कोच्चिका लागि उडेको छ"– भारतीय दूतावासले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गरायो।

"कुवेतका अधिकारीहरूसँग समन्वय गरेर छिटो स्वदेश फिर्ता सुनिश्चित गरेका भारतका विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंह पनि सोही विमानमा सवार हुनुहुन्छ"–विज्ञप्तिमा भनिएको छ।

आगलागीमा ज्यान गुमाउने ४५ जना भारतीयमध्ये २३ जना केरलाका बासिन्दा थिए। यस घटनाले कुवेत र भारत दुवै समुदायमा शोकको लहर निम्त्याएको छ।

आगलागीमा तमिलनाडुबाट ७ जना, आन्ध्र प्रदेशबाट ३, बिहार, उडिसा, कर्नाटक, महाराष्ट्र, उत्तर प्रदेश, झारखण्ड, हरियाणा, पञ्जाब र पश्चिम बङ्गालबाट १–१ जना साथै केरलाका २३ जना भारतीय नागरिकले ज्यान गुमाएका छन्।

कुवेतका अधिकारीहरूले आगलागीको कारण पत्ता लगाउन र प्रभावित परिवारलाई सहयोग गर्न अथक प्रयास गरिरहेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो शोक व्यक्त गर्दै दुर्घटनाबाट प्रभावितहरूलाई सबै सम्भव सहयोग गर्ने आश्वासन व्यक्त गरेका छन्।

भारतका विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले जून १३ मा कुवेतको अस्पताल भ्रमण गरेका थिए, जहाँ उनले मङ्गाफमा दुःखद आगलागीको घटनापछि उपचार गराइरहेका भारतीय नागरिकहरूसँग कुराकानी गरे।

उनको भ्रमणले विदेशमा रहेका आफ्ना नागरिकको कल्याण सुनिश्चित गर्ने भारतको प्रतिबद्धतालाई जोड दिन्छ र सङ्कटको समयमा अन्तर्राष्ट्रिय सहयोगको महत्त्वमा प्रकाश पार्छ।

**रूसको नदीमा डुबेर मृत्यु भएको तीन भारतीय विद्यार्थीको शव स्वदेश फिर्ता**

मुम्बई/एएनआई

रूसको नदीमा डुबेका तीन भारतीय विद्यार्थीको पार्थिव शरीर बिहीवार राति मुम्बई एयरपोर्ट ल्याइएको छ।

रूसको भेलिकी नोभगोरोडमा अवस्थित यारोसलाव-द-वाइज नोभगोरोड स्टेट युनिभर्सिटीमा अध्ययनरत चार भारतीय विद्यार्थीहरू जून ७ मा भोल्कोभ नदीमा डुबेका थिए।

तीन विद्यार्थी जिसन अस्पक पिन्जारी, जिया फिरोज पिन्जारी र हर्षल अनन्तराव देसाको शव भारत फिर्ता ल्याइएको हो।

रूसस्थित भारतीय दूतावासले गत हप्ता शुक्रवार एक विज्ञप्ति जारी गर्दै नागरिकहरूलाई जलाशयहरूमा जाँदा अत्यन्त सावधान रहन आग्रह गरेको थियो।

"रूसमा समय-समयमा यस्ता दुर्भाग्यपूर्ण घटनाहरू भइरहेका छन्। यस्ता घटनामा यस वर्ष अहिलेसम्म चारजना भारतीय विद्यार्थीको ज्यान गइसकेको छ"–मस्कोस्थित भारतीय दूतावासले जनाएको छ।

"सन् २०२३ मा दुईवटा घटना र सन् २०२२ मा डुबेर भारतीय विद्यार्थीहरूको मृत्यु भएको छवटा घटना थिए"–केही विगतका तथ्याङ्कहरूलाई उद्धत गर्दै दूतावासले जानकारी गरायो।

दूतावासले रूसमा रहेका भारतीय विद्यार्थीहरूलाई समुद्र तट, नदी, ताल, पोखरी र अन्य जलाशयहरूमा जाँदा अत्यन्त सावधान रहन आग्रह गरेको छ। विद्यार्थीहरूलाई यस सन्दर्भमा सबै आवश्यक सावधानी र सुरक्षा उपायहरू अपनाउन सल्लाह दिइन्छ।

विदेश मन्त्रालयले रूसको विश्वविद्यालयमा अध्ययनरत महाराष्ट्रको जलगाँव जिल्लाका चार भारतीय विद्यार्थी भोल्कोभ नदीमा डुबेर मृत्यु भएको र पाँचौं विद्यार्थीलाई सुरक्षित उद्धार गरिएको बताएको थियो। रासस

## एफजीएमसम्बन्धी विश्वव्यापी कारबाई आवश्यकः राष्ट्रसङ्घ

जेनेभा (स्वीजरल्याड), ३२ जेठ/एएफपी)

महिला जननाङ्ग विकृति (एफजिएम) प्रक्रियाका लागि युवतीहरूलाई उनीहरूको परिवारले अन्य देश लैजाने क्रम बढ्दो भएपछि यसविरुद्ध लडाइँ कमजोर भइरहेको संयुक्त राष्ट्रसङ्घले शुक्रवार चेतावनी दिएको छ।

यसले सीमापार र अन्तर्देशीय एफजिएमको समस्या समाधान गर्न ठोस विश्वव्यापी कारबाई आवश्यक रहेको बताएको छ।

धेरै देशहरूले एफजिएम उन्मूलन गर्ने प्रयास बढाएका छन्। यो अभ्यास विश्वभर जारी रहे पनि केही क्षेत्रका मानिसहरूले युवतीहरूलाई गोप्यरूपमा विदेश लगेर यो प्रक्रिया गराउने अभ्यासका कारण यस्तो अवस्था आएको संयुक्त राष्ट्र मानव अधिकार कार्यालयबाट जारी प्रतिवेदनले जनाएको छ।

विशेषगरी युरोप र उत्तरी अमेरिकाका परिवारहरूले आफ्ना छोरीहरूलाई स्कूल बिदाको समयमा एफजिएम गर्न आफ्नो मूल समुदायमा लैजाने गरेको कार्यालयले जनाएको छ।

अफ्रिकाका अधिकांश देशहरूले यस अभ्यासलाई अपराधीकरण गरेको भए तापनि केही देशहरूले 'अन्तर्देशीय एफजिएम हबहरू' को रूपमा सेवा गरेको प्रतिवेदनले जनाएको छ।

महिला जननाङ्ग विकृति लैङ्गिक हिंसाको हिस्सा भएको जनाउँदै मानव अधिकारको सम्मान गर्ने ब्रह्माण्डमा यसको कुनै स्थान नभएको संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुख भोल्कर टर्कले विज्ञप्तिमा जनाएका छन्।

राष्ट्रसङ्घीय बाल एजेन्सी (युनिसेफ)ले एफजिएमलाई 'महिलाको बाह्य अङ्गहरू गैर-चिकित्सा कारणले आंशिक वा पूर्णरूपमा हटाउने' भनेर परिभाषित गरेको छ।

यसले सङ्क्रमण, रक्तस्राव, बाँझोपन र प्रसवमा हुने जटिलताहरूसहित गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्ने युनिसेफले जनाएको छ।

राष्ट्रसङ्घको यौन र प्रजनन स्वास्थ्य एजेन्सी (युएनएफपिए)का अनुसार आज जीवित २० करोडभन्दा बढी बालिका र महिलाको एफजिएम भइसकेको छ।

"यदि यो अभ्यास यसै गतिमा जारी रह्यो भने सन् २०१५–२०३० को बीचमा अनुमानित ६८ मिलियन केटीहरू एफजिएमको शिकार हुने प्रतिवेदनमा उल्लेख गरिएको छ। रासस

## हुथी समुहद्वारा ढुवानी जहाजमा बारम्बार मिसाइल आक्रमण

दुबई, ३२ जेठ/एएफपी

यमनका हुथी विद्रोहीहरूले बिहीवार एडनको खाडीमा बल्क कार्गो क्यारियरमा दुई क्रूज मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ।

"एम/भि भर्बेना-पलाउआन-झनडा भएको, युक्रेनी स्वामित्वमा रहेको, पोल्यान्डद्वारा सञ्चालित जहाजमा क्षति र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको छ। आक्रमणको क्रममा एकजना जहाज सञ्चालक गम्भीर घाइते हुनुभएको छ"– युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले एक विज्ञप्तिमा जानकारी गरायो।

हुथीहरूले गाजापट्टीमा चलिरहेको इजरायल-हमास युद्धको क्रममा प्यालेस्टिनीहरूसँग एकतामा रहेको बताउँदै नोभेम्बर २०२३ देखि लालसागर र एडनको खाडीमा पानीजहाजहरूलाई लक्षित गरी आक्रमण गर्दै आएका छन्। यसले अन्तर्राष्ट्रिय ढुवानीमा ठूलो अवरोध ल्याएको छ।

हुथी समूहले बिहीवार गाजापट्टीमा जनताविरुद्ध गरिएको अपराधको प्रतिशोध र आफ्नो देशविरुद्ध अमेरिकी–ब्रिटिश आक्रमणको प्रतिक्रियामा विगत २४ घण्टाभित्र भर्बेनासहित तीनवटा जहाजहरूमा आक्रमण गरेको बताएको छ।

यसैबीच संयुक्त राज्य मेरिटाइम ट्रेड अपरेशन (युकेएमटिओ) ले यमनको विद्रोहीको कब्जामा रहेको होडेडा बन्दरगाहबाट करीब ८० नटिकल माइल उत्तरपश्चिम लालसागरमा व्यापारिक जहाज नजीकै विस्फोट भएको बताएको छ।

सेन्टकमका अनुसार पछिल्लो २४ घण्टामा हुथीहरूसँग सम्बन्धित एक एयर डिफेन्स सेन्सर, दुई गस्ती डुङ्गा र समुद्री र हवाई ड्रोनहरू नष्ट गरेको बताइएको छ।

सन् २०१४ मा सानाबाट सरकारलाई अपदस्थ गरेपछि हुथीहरूले नोभेम्बरदेखि लालसागर र एडनको खाडीमा ढुवानी जहाजहरूमा ड्रोन र मिसाइल आक्रमण शुरू गरेका हुन्।

हुथीहरूले बुधवार होडेडाको दक्षिणपश्चिममा लाइबेरियाको झन्डा भएको बल्क ढुवानी जहाजलाई प्रहार गरेका थिए। उनीहरूले हमलामा समुद्री र हवाई ड्रोनका साथै ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दाबी गरेका छन्।

"गाजामा प्यालेस्टिनीहरूको पक्षमा रहेको दाबी गर्दै द्वन्द्वसँग कुनै सम्बन्ध नभएका तेस्रो देशका नागरिकहरूको जीवनलाई लक्षित गरेर आक्रमण र धम्की दिइरहेका छन्"–सेन्टकमले बिहीवार हुथीहरूमाथि आरोप लगाउँदै बतायो। रासस


# VACANCY ANNOUNCEMENT

The leading company looking for various eligible candidates as follows:

**1. Department : Project**
**Position : Sr. Supervisor-1** — **AGM-1 ( Steel Fabrication, PEB etc.)**
**Location :** Jeetpur-Birgunj — **Qualification :** B. Tech Mechanical or equivalent
**Experience :** 8-10 years experience in related field (Mandatory).
**Salary :** Negotiable.
**Duty and Responsibilities**
1. **Fabrication and Erection Management:** Oversee all activities related to fabrication and erection, including poles and towers, ensuring projects are completed on time and within budget.
2. **Technical Expertise:** Interpret and work with AutoCAD drawings accurately, ensuring precise execution of project plans.
3. **Project Costing:** Develop and manage project costing, ensuring financial efficiency and adherence to budgetary constraints.
4. **Construction Knowledge:** Apply comprehensive knowledge of construction processes to optimize project execution and address any challenges effectively.
5. **Logical Thinking:** Utilize strong analytical and logical thinking skills to solve problems and make informed decisions throughout the project life-cycle.
6. **Team Collaboration:** Foster a collaborative team environment, ensuring effective communication and coordination among team members to achieve project goals.

**2. Department : Sales & Marketing**
**A. Position : Area Sales Manager -1**
**Location :** Birgunj — **Qualification :** BBA/BBS
**Experience :** Minimum 5 years in sales and marketing, preferably in TMT or Cement industry (Mandatory).
**Salary :** Negotiable.

**B. Sales Executive -1**
**Location :** Birgunj — **Qualification :** +2/BBA
**Experience :** Minimum 3 years in sales and marketing, preferably in TMT or Cement industry (Mandatory).
**Salary :** Negotiable.
**Duty and Responsibilities**
1. Develop and execute strategies to promote and sell TMT and cement products, achieving sales targets and expanding market share.
2. Provide exceptional customer service by addressing inquiries, resolving issues promptly, and ensuring customer satisfaction.
3. Oversee and manage the entire sales process, from lead generation to closing deals, ensuring a smooth and efficient workflow.
4. Maintain effective communication with clients, stakeholders, and team members to facilitate information flow and support business objectives.
5. Conduct market research to stay informed about industry trends, competitor activities, and customer needs, using insights to refine sales strategies.
6. Prepare and submit detailed sales reports, performance metrics, and market feedback to senior management, providing actionable recommendations for improvement.

**3. Department : Administration (Legal)** — **Position : Officer-Sr. Officer**
**Location :** Birgunj — **Qualification :** LLb or LLM
**Experience :** 3 to 5 years of experience in similar role.
**Salary :** Negotiable.
**Duty and Responsibilities**
1. Providing legal advice and guidance to the company on various legal matters, such as contracts, regulatory compliance, intellectual property and labor law.
2. Responsible for the day-to-day operations of the legal department.
3. Maintains files and records related to the organization's legal proceedings and contracts.
4. Drafting and reviewing legal documents, including contracts, agreements and policies, to ensure they comply with relevant laws and regulations.
5. Managing and resolving legal disputes and litigation, including working with external legal counsel as necessary.
6. Coordinate with relevant government agencies and other institutions on behalf of the organization Developing and implementing legal strategies to protect the company's interests and mitigate legal risks.
7. Maintaining legal records and documentation, and ensuring they are up-to-date and accurate.
8. All the duties are responsible may be changed according to the need of the department.

Interested & eligible candidates can apply at newhiring2081@gmail.com


### अवैध व्यापार....

एवं सहसचिव शर्माले बताए।

यस अघि बिजकको पहिलो कोठामा सिरियल नम्बर र दोस्रोमा विवरण उल्लेख हुन्थ्यो। अब नयाँ ढाँचा अनुसार बिजक जारी गर्दा एचएस कोडको शुरूको चार अङ्क अनिवार्य खुलाएको हुनुपर्छ। नियमावलीको अनुसूची–६ संशोधन गरी निकासी भन्ने शब्दलाई परिमार्जन गरी निर्यात शब्द राखिएको शर्माले बताए।

नयाँ व्यवस्थाले वैध वा अवैध बाटोबाट आयातित सामान छुट्याउन सकिने र राजस्व वृद्धिमा उल्लेख्य सुधार हुने उनको भनाइ छ। राजस्व महाशाखाका प्रमुख शर्माका अनुसार यो व्यवस्थाले आगामी दिनमा कुनै पनि सामान वैध 'च्यानल'बाट आएको हो वा होइन भन्ने छुट्याउन सजिलो हुनेछ। "बिजकमा बिक्री भएको सामानको एचएस कोड अनिवार्य गर्नुपर्ने व्यवस्थाले बजार अनुगमनका क्रममा अवैधरूपमा भित्रिएका सामान बिक्री वितरण भए/नभएको सजिलै छुट्टाउन (ट्रयाक) गर्न सकिन्छ"–उनले भने– "कुन सामान भन्सारको बाटो भएर आएको हो र कुन सामान भन्सार छली गरी आयात गरिएको हो छुट्याउन सकिने भएकोले राजस्व सङ्कलनमा सकारात्मक नतीजा आउने छ।"

यही जेठ १६ गतेदेखि नयाँ व्यवस्था कार्यान्वयनमा आइसकेको शर्माले जानकारी दिए। योसँगै व्यक्तिगत प्रयोजनका नाममा अनौपचारिक माध्यमबाट ल्याएर बजारमा बिक्री गर्ने प्रवृत्तिसमेत निरुत्साहित हुने विश्वास अर्थ मन्त्रालयको छ। "खासगरी विदेश भ्रमण

(बाँकी अन्तिम पातामा)

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सङ्घीय शासन प्रणाली सबलीकरणबारे अन्तर्क्रिया



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३२ जेठ/

मधेस विश्वविद्यालयको आयोजनामा शुक्रवार वीरगंजमा सङ्घीय शासन प्रणाली सबलीकरण छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्यको अध्यक्षतामा भएको अन्तर्क्रियामा पूर्वसांसद केएल देवकोटा, वीरगंज महानगरका प्रमुख राजेशमान सिंह, जगदीशप्रसाद शर्मा, विनोद गुप्ता, इन्दुशेखर मिश्र, डा नन्दन यादव, शम्भु मित्र, पोखरिया नगरपालिकाका पूर्व उपप्रमुख सलमा खातुन, नेता निजामुद्दीन समानी, नेकपा एसका नागेन्द्र चौधरी, रम्भा मिश्र, राम सर्राफ, बलराम श्रेष्ठ, ओमप्रकाश सर्राफ, डा दीपेन्द्र चौधरी, डा रामजी रामलगायत छलफलमा सहभागी भएका थिए।

कार्यक्रमको सहजीकरण मधेस विश्वविद्यालयका रजिस्ट्रार विजय यादवले गरेका थिए।

# रामराजा क्याम्पसका प्रमुख कुशवाहाको गोली हानी हत्या

प्रस, वीरगंज, ३२ जेठ/

कलैया उपमहानगरपालिका–५ बरेवास्थित रामराजा मोहनविक्रम क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको गोली हानी हत्या गरिएको छ।

पचरौता नगरपालिका–२ खजुरियाटोल निवासी क्याम्पस प्रमुख कुशवाहा शुक्रवार साँझ साढे पाँच बजे घरबाट कलैया फर्कने क्रममा वडा नं ३ बतरास्थित मन्दिर नजीक चारजना अज्ञात व्यक्तिले घेरा हालेर गोली प्रहार गरेका थिए।

गोली दाहिने कोखामा लागेर घाइते क्याम्पस प्रमुख कुशवाहाको उपचारको



क्रममा वीरगंजस्थित वयोधा अस्पतालमा पौने सात बजे निधन भएको छ। बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानले अज्ञात समूह गोली प्रहार गरेर फरार भएको र प्रहरीले एकजना शङ्कास्पद व्यक्तिलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको बताए।

## आगलागीमा चौपाया मऱ्यो

प्रस, पोखरिया, ३२ जेठ/

पोखरिया नगरपालिका–४ पोखरिया बजारमा गएराति आगलागी हुँदा चौपायाहरू जलेर मरेका छन्।

गएराति २ बजे फुसको गोठमा आगलागी भएको र सोमा रहेको एउटा भैंसी, १६ वटा बाख्रा जलेर मरेको प्रहरीले जनाएको छ। स्थानीय इम्तियाज आलमको गोठमा आगलागी भएको र उनी पनि आगो निभाउने क्रममा घाइते भएको बताइएको छ। पछि वारुणयन्त्रले आगलागी नियन्त्रणमा लिएको थियो।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ३ गते सार्वजनिक बिदा

काठमाडौं, ३२ जेठ/रासस

सरकारले आगामी असार ३ गते सोमवार परेको इस्लाम धर्मालम्बीहरूको पर्व बक्र (ईद–उल–अजहा)का अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

गृह मन्त्रालयले आज सूचना जारी गरी बक्र ईदका अवसरमा बिदा दिने निर्णय गरेको हो। गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको उक्त सूचनामा गत माघ २९ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार उक्त पर्वका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको उल्लेख छ।






# खेलकूदको संसार

## विश्वकप क्रिकेटः बङ्गलादेशद्वारा नेदरल्यान्ड्स पराजित

काठमाडौं, ३२ जेठ/रासस

आइसिसी टि–२० विश्वकप क्रिकेट प्रतियोगितामा बङ्गलादेश नेदरल्यान्ड्सलाई २५ रनले पराजित गर्दै विजयी भएको छ। वेस्टइन्डिजको सेन्ट भिन्सेन्टमा गए राति सम्पन्न खेलमा बङ्गलादेशले दिएको १६० रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्स निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३४ रनमा समेटियो।




अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार नेदरल्यान्ड्सका लागि एनगेलब्रेक्टले २२ बलमा सर्वाधिक ३३ रन बनाए। त्यस्तै विक्रमजित सिंहले २६, कप्तान स्कट एडवर्ड्सले २५, माइकल लेभिटले १८, आर्यन दत्तले १५ तथा म्याक्स ओडाउडले १२ रन बनाए।

बङ्गलादेशका लागि होसेनले तीन विकेट लिए भने तास्किन अहमदले दुई विकेट झारे। त्यस्तै मुस्तफिजुर रहमान र तान्जीम शकीबले समान एक–एक विकेट लिए।

त्यस अघि टस हारेर पहिले ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५९ रनको योगफल बनाएको थियो। बङ्गलादेशका लागि शाकीब अल हसनले ४६ बलमा नौ चौकासहित सर्वाधिक ६४ रन जोडे भने तान्जिद हसनले ३५ रन बनाउँदा महमुदुल्लाहले २५ रन तथा जाकेर अलीले १४ रन बनाए। नेदरल्यान्ड्सका लागि आर्यन दत्त र पल भ्यान मिकरनले समान दुई दुई विकेट लिए भने टिम प्रिङ्गलले एक विकेट लिए।

यो जीतसँगै समूह 'डी' मा रहेको बङ्गलादेशले तीन खेलमा चार अङ्क जोडेको छ। नेदरल्यान्ड्सको तीन खेलमा दुई अङ्क रहेको छ। त्यस्तै नेपालको दुई खेलमा एक अङ्क रहेको छ। श्रीलङ्काको तीन खेलमा एक अङ्कमात्र रहेको छ। नेपाल र दक्षिण अफ्रिकाको खेल भोलि हुनेछ। दक्षिण अफ्रिका भने विश्वकपको सुपर आठमा पुगिसकेको छ।

# समुदायमा सरकारी वकिल कार्यक्रम

नरेश यादव पर्सागढी, ३२ असार/

उच्च सरकारी वकील कार्यालय वीरगंजले 'फौजदारी न्यायको प्रभावकारिता, कानूनी शासन सुनिश्चितता' नाराका साथ पर्सागढी नगरपालिकास्थित नेरामावि बडेर्वामा समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न गरेको छ।




कार्यक्रममा कक्षा १० का विद्यार्थीलाई फौजदारी न्याय भनेको के हो, यो कसरी हुन्छ, यस अन्तर्गत कुन–कुन धाराहरू मुद्दा ठहर भएमा लाग्छ जस्ता विषयमा प्रशिक्षण दिइएको थियो।

सहन्यायाधीश रामकुमार थापाले विद्यार्थीहरुलाई प्रशिक्षण दिंदै विद्यार्थी कालमा यस प्रकारको ज्ञान हासिल गर्नुपर्ने बताए।

कार्यक्रममा उपन्यायाधीश ईश्वरदत्त जोशी, सहन्यायाधीश प्रह्लाद मिश्राले प्रशिक्षण दिएका थिए। कार्यक्रममा प्रअ चेतमन दास थारूलगायत सहभागी थिए।

## डुबेर बालकको मृत्यु

प्रस, सेढवा, ३२ जेठ/

जगरनाथपुर गाउँपालिका–१ मा शुक्रवार एकजना बालकको साइफनमा नुहाउने क्रममा डुबेर मृत्यु भएको छ।

सिंचाइ गर्न बनाइएको साइफनमा दिउँसो नुहाउने क्रममा स्थानीय आठ वर्षीय अब्दुल कलामको डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताए। मृतक कलाम साथीहरूसँग नुहाउन साइफनमा गएका थिए र उनी डुबेपछि अन्य बालकहरूले गाउँमा खबर गरेका थिए। गाउँलेहरू पुगुन्जेल कलामको मृत्यु भइसकेको प्रनि बुढाथापाले बताए।

# वृद्धवृद्धाश्रमलाई खाद्यान्न सहयोग



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३२ जेठ/

उपकार सेवा नेपालले ठोरी गाउँपालिका–१ भगवाननगरस्थित वृद्धवृद्धा आश्रमलाई खाद्यान्न सामग्री सहयोग गरेको छ।

आश्रममा आश्रित २३ जना अपाङ्ग, सुस्त मनस्थिति, वृद्धवृद्धा तथा बालबालिकाहरूको लागि दाल, चामल, नून, तेल, चिउरा, सर्फ, साबुन, डाइपर, सैनेट्रीपैड, जीरा, धनिया, खुर्सानी, बेसार मसला, चाउचाउ बिस्कुटलगायत सामान सहयोग गरेको छ।

संस्थाका अध्यक्ष विद्याकुमारी सरावगीले आश्रमका सदस्य रामबहादुर थिङलाई सो सामग्री हस्तान्तरण गरेकी थिइन्।

# नेपाली विद्यार्थीलाई ५० प्रतिशत छात्रवृत्ति



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३२ जेठ/

भारत, गुजरात राज्यको बडोदरास्थित पारुल विश्वविद्यालयले नेपाली विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि ५० प्रतिशत छात्रवृत्ति घोषणा गरेको छ।

नेसेन्ट एजुकेशन फाउन्डेशनमा बिहीवार पत्रकार सम्मेलनको आयोजना गरेर फाउन्डेशनका सञ्चालक रञ्जीत पडितले नेपाली विद्यार्थीहरूलाई पारुल विश्वविद्यालयमा अध्ययन गर्दा ५० प्रतिशत छात्रवृत्ति पाउने व्यवस्था गरिएको बताए। उनले पर्सा, बारा, रौतहटलगायत क्षेत्रबाट सो विश्वविद्यालयमा एक शैक्षिक सत्रमा करीब दुई सय विद्यार्थी र नेपालभरिबाट पाँच सय विद्यार्थी अध्ययनका लागि जाने गरेको र उनीहरूलाई यो शैक्षिक सत्रदेखि ५० प्रतिशत छात्रवृत्ति प्राप्त हुने बताए।

पारुल विश्वविद्यालयमा इन्जिनीयरिङ, मेडिकल, व्यवस्थापन, विज्ञान, फेशन डिजाइन, आइटीलगायत विभिन्न सङ्कायमा २५० भन्दा बढी कोर्स अध्यापन हुने गरेको विश्वविद्यालयका बजार प्रबन्धक नीरजकुमार साहले बताए।

हालसम्म सो विश्वविद्यालयबाट तीन हजार नेपालीले अध्ययन गरेको जानकारी गराइएको छ। पत्रकार सम्मेलनमा विश्वविद्यालयका सहायक बजार प्रबन्धक विश्वराजप्रसाद, फाउन्डेशनका अजीत चौरसियालगायतको सहभागिता थियो।

## विश्व रक्तदाता....

उनले रक्तदानमा ग्रामीण सहभागिताको लागि आह्वान गरे।

यसैगरी विश्व रक्तदान दिवसको अवसरमा छिपहरमाई गापाको तुलसीबर्वामा उत्प्रेरणा कार्यक्रम सम्पन्न भएको छ। नेरेसो तुलसीबर्वाका अध्यक्ष जीतेन्द्रकुमार वर्माको अध्यक्षता र सशस्त्र प्रहरी निरीक्षक दीपककुमार बस्नेतको प्रमुख आतिथ्यमा भएको उत्प्रेरणा कार्यक्रममा प्राविधिक प्रमुख सौरभ पाण्डेले रक्तदानबारे जानकारी गराएका थिए।

## अवैध व्यापार....

वा रोजगारबाट फर्कनेले घरायशी प्रयोजनका लागि ल्याउन पाउने सुविधा प्रयोग गरी सुनचाँदीका गहना, मोबाइल, ल्यापटप, टिभी, क्यामेरा, घडी, मदिरा र कपडालगायत सामान बजारमा बेच्ने प्रवृत्ति थियो"–राजस्व महाशाखाका प्रमुख शर्माले भने–"यसरी सामान ल्याएर बिक्री गर्ने व्यक्ति र व्यवसायीमाथि समेत कारबाई हुनेछ।"

अनलाइन बिलिङ प्रणालीमार्फत आयातित सामान तथा आन्तरिक खपतको तथ्याङ्क सङ्कलनमा समेत नयाँ व्यवस्थाले सहज हुने अपेक्षा गरिएको उनले बताए।